# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष १० | अंक २३४ | काठमाडौं | आइतबार, ८ पुस २०८० | Prabhab National Daily | Sunday, December 24, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


घरेलु मदिराको 'ब्राण्डिङ'

# कुरा हुन्छ, पूरा हुँदैन



प्रतीकात्मक तस्बिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको आदिवासी समुदायले सांस्कृतिक कार्यमा पवित्र जलको रूपमा प्रयोग गर्ने घरेलु मदिराको 'ब्राण्डिङ' गर्नेसम्बन्धी बहस वर्षौंदेखि चलिरहेको छ । बहस थालनी गर्ने कोशी प्रदेशकी पूर्वसामाजिक विकासमन्त्री उषाकला राई हुन् ।

उनले घरेलु मदिरालाई 'ब्राण्डिङ' गरे विदेशी मुद्रा आर्जन गर्न सकिने बताएकी थिइन् । तर, तत्कालीन प्रदेश संसद्बाट ब्राण्डिङबारे आवश्यक कानुन नै बनाउन सकिनन् । त्यससँगै उनको घरेलु मदिरा ब्राण्डिङको बहस र अभियान भाषणमै सीमित भयो ।

उनै पूर्वमन्त्री राईले जसरी बिहीबार लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले आदिवासी जनजातिले घरमा उत्पादन गर्ने घरेलु जाँड र रक्सीलाई ब्राण्डिङ गर्नुपर्ने बताए । ब्राण्डिङका लागि प्रदेश सरकारले बजेट विनियोजन गरेकोसमेत उल्लेख गरे ।

'थारु र मगरले बनाउने जाँड, रक्सीलाई घोप्टाउने र विदेशी रक्सी फोरेर यो देश समृद्ध बन्न सक्दैन,' नेपाल मगर संघले शनिबार दाङको देउखुरीमा गरेको बृहत् मगरसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री चौधरीले भने, 'कोदो, मैवा, अनादीलगायतको रक्सीलाई ब्राण्डिङ गर्ने हो, यो कसैले रोक्न सक्दैन । बजेट छुट्याएरै प्रदेश सरकार अगाडि बढिसकेको छ ।'



> थारू र मगरले बनाउने जाँड, रक्सीलाई घोप्टाउने र विदेशी रक्सी फोरेर यो देश समृद्ध बन्न सक्दैन । कोदो, मैवा, अनादीलगायतको रक्सीलाई ब्राण्डिङ गर्ने हो, यो कसैले रोक्न सक्दैन । बजेट छुट्याएरै प्रदेश सरकार अगाडि बढिसकेको छ ।
>
> **■ डिल्ली चौधरी**
> मुख्यमन्त्री, लुम्बिनी प्रदेश

मुख्यमन्त्री चौधरीले रूपन्देही, रोल्पा र पाल्पालाई मगर क्षेत्र र दाङ, बाँके, बर्दियालाई थारु क्षेत्र घोषणा गरेरै घरेलु मदिरा उत्पादन र ब्राण्डिङ गर्ने सरकारको योजना रहेको बताए ।

(क्रमशः पृष्ठ ३ मा)

# आक्रोशित जनताको तारो बन्दै नेता

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली राजनीतिज्ञहरूविरुद्ध जनता थप आक्रोशित हुँदै गएका छन् । चुनावका बेला अनेक आश्वासन बाँड्ने तर पूरा नगरी 'अन्टसन्ट'मा रमाउनेसँगै सरकारमै रहेर भ्रष्टाचार, अनियमितता, तस्करीजस्ता गतिविधिमा लगातार संलग्न भएपछि आक्रोशित जनताका तारो बनिरहेका छन् ।

शनिबारमात्रै पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेमाथि पोखरामा आयोजित एक कार्यक्रममा खोया प्रहार भयो । लामिछानेमाथि खोया प्रहार गरेको आरोपमा २८ वर्षीय सन्तोष रानाभाट पक्राउ परेका छन् ।

लामिछानेले भाषणका क्रममा सहकारीको कुरा निकालेपछि रानाभाटले खोयाले हानेको बताइन्छ । कास्कीका प्रहरी उपरीक्षक मोहनबहादुर थापाका अनुसार रानाभाट पोखराको सूर्यदर्शन सहकारीका बचतकर्ता हुन् । जुन सहकारीको करोडौं रकम अपचलन गरेर लामिछानेसमेत यसअघि संलग्न रहेको ग्यालेक्सी टेलिभिजन जिबी राईले खोलेका थिए । शनिबार लामिछानेले सोही सहकारीबारे भाषण दिन थालेपछि लगानी डुबेर आक्रोशित रानाभाटले लामिछानेमाथि खोया प्रहार गरेको प्रहरीले जनाएको छ ।

आफूमाथि खोया प्रहार भएपछि लामिछानेले खबरदारी गरेको अर्थमा लिएको प्रतिक्रिया दिएका छन् । उनले खोयालाई घरमा झुण्ड्याएर राख्ने पनि बताए । 'मैले सर्टिफिकेट आजसम्म घरको भित्तामा झुण्ड्याएको छैन । मेरो सपना पूरा नभएसम्म मैले यो मकैको घोगालाई आफ्नो घरमा झुण्ड्याएर राख्ने छु,' उनले पोखराको अमरसिंह चौरमा आयोजित कार्यक्रममा खोया प्रहारपछि भने ।

लामिछाने गत वर्षको निर्वाचनमा जनताले सर्वाधिक आशा र भरोसा गरेका नेता हुन् । त्यही भएर उनी देशभरमै लोकप्रिय मतसहित आमनिर्वाचन र उपनिर्वाचनमा निर्वाचित भए । उनकै लोकप्रिय छविले स्थापनाको पाँचौं महिनामै चुनावमा जाँदा रास्वपालाई जनताले अभूतपूर्व मत दिए । धेरैले अनुमान गरेभन्दा विपरीत वैकल्पिक दलको रूपमा स्थापित भयो । हाल प्रतिनिधिसभाको चौथो ठूलो दल रवि नेतृत्वको रास्वपा हो ।

तर, सरकारमा गए पनि जनताको अपेक्षाअनुसार काम गर्न नसकेको र प्रतिबद्धता जनाएअनुसार १०० जनालाई रोजगारी नदिएकोलगायतका आरोपको सामना रविले गरिरहेका छन् । यहीबेला उनीमाथि खोया प्रहार भएको हो ।

यसअघि गत २८ मंसिरमा पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई धनकुटाको लेगुवामा स्थानीय महेश राईले मुक्का प्रहार गरेको दृश्य सार्वजनिक भएको भिडियोमा देखिएको थियो । तर, एमालेले भने मुक्का प्रहार नभएको दाबी गर्दै आएको छ । ओलीलाई मुक्का प्रहार गर्ने राई एमालेकै स्थानीय कार्यकर्ता हुन् । तर, कतिपयले भने उनी पहिचानवादी भएको बताउने गरेका छन् ।

(क्रमशः पृष्ठ २ मा)



- कोही नेतामाथि जुत्ता, कुर्सी, बोटल र खोया प्रहार, कोहीलाई भने झापड र चड्कन
- पहिलोपटक २०४८ मा गृहमन्त्री छँदा वर्तमान कांग्रेस सभापति शेरबहादुर देउवामाथि जुत्ता प्रहार
- कृषिमन्त्री छँदा २०५० सालमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेललाई झापड
- वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाललाई २०६९ मा झापड र २०७६ मा जुत्ता प्रहार
- पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई लक्षित गर्दै २०७२ मा कुर्सी प्रहार
- गएको २८ मंसिरमापूर्वप्रधानमन्त्री केपी शर्मा ओलीमाथि धनकुटामा मुक्का प्रहार
- शनिबार पूर्वउपप्रधान तथा गृहमन्त्री रवि लामिछानेमाथि खोया प्रहार



> नेताहरूमाथि आक्रमण हुनु अस्वाभाविक होइन । नेताहरु भ्रष्टाचारमा लिप्त छन् । परिवारवादमा फसेका छन् । अनि जनता आक्रोशित हुँदैनन् ? चुप लागेर बस्छन् ?
>
> **■ डा. तारानाथ घिमिरे**
> राजनीतिक विश्लेषक

सन्दर्भः वैदेशिक रोजगार

कोरियामा रोजगारी

# माग १६ हजार, आवेदक झण्डै डेढ लाख

■ प्रभाव संवाददाता

**काठमाडौं–** करिब १६ हजार कामदारका लागि आएको मागमा दक्षिण कोरिया जान झण्डै डेढ लाख नेपाली युवा इच्छुक देखिएका छन् । रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत दक्षिण कोरियाको उत्पादनमूलक क्षेत्रमा जान लिइने भाषा परीक्षामा सहभागी हुनका लागि एक लाख ४३ हजारभन्दा बढीले आवेदन दिएका हुन् ।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले भाषा परीक्षाका लागि यही पुस २ देखि ६ गतेसम्म आवेदन खुला गरेको थियो । उक्त अवधिमा एक लाख ४३ हजार ८१२ जनाको आवेदन प्राप्त भएको शाखाले जनाएको छ ।

भाषा परीक्षाका लागि आह्वान गरेको आवेदन दिने अन्तिम दिनसम्म ठूलो संख्याले आवेदन दिएको शाखाका निर्देशक गुरुदत्त सुवेदीले बताए । यसपटक एचआरडी कोरियाबाट इपिएसमार्फत उत्पादनमूलक क्षेत्रका लागि १५ हजार ८४८ जना श्रमिकको माग भई आएको उनले जानकारी दिए । यसअघि शिप बिल्डिङमा लिइएको परीक्षामा




अनुत्तीर्ण भएकाहरूलाई उत्पादनमूलक क्षेत्रको भाषा परीक्षामा सहभागी हुन नपाइने व्यवस्था गरे पनि उच्च अदालत पाटनको आदेशका कारण पुनः आवेदन लिने तयारी भइरहेको शाखाले जनाएको छ । शिप बिल्डिङमा अनुत्तीर्ण भएका २८ हजारभन्दा बढीले भाषा परीक्षामा सहभागी हुन आवेदन दिन पाउनुपर्ने माग राख्दै उच्च अदालतमा रिट दायर गरिएको थियो । उक्त रिटमाथि सुनुवाइ गर्दै उच्चले शिप बिल्डिङसम्बन्धी कामका लागि भाषा परीक्षा दिएर अनुत्तीर्ण भएकालाई उत्पादनमूलक क्षेत्रको भाषा परीक्षामा पनि सहभागी गराउन आदेश दिएको छ ।

अदालतको आदेशपछि शिप बिल्डिङमा अनुत्तीर्ण भएकाहरूलाई पछि छुट्टै समय तोकेर आवेदन खुला गर्ने तयारी भइरहेको शाखाले जनाएको छ । उत्तीर्ण सबैले भाषा परीक्षाका लागि आवेदन दिए कूल आवेदकको संख्या एक लाख ७२ हजारभन्दा बढी हुने बताइएको छ । अनुत्तीर्ण भएकाहरूलाई समेत समेटेर आवेदन लिएपछि परीक्षाको मिति माघ २२ गते सार्वजनिक गरिने शाखाले जनाएको छ ।

भाषा परीक्षा एक दिनमा चार सिफ्टसम्म सञ्चालन हुने छ । आवेदक संख्याका आधारमा परीक्षा तालिका फेरबदल हुनसक्ने बताइएको छ । आवेदक संख्या बढी भएमा पहिलो र दोस्रो गरी दुई चरणमा परीक्षा सञ्चालन हुने निर्देशक सुवेदीले जानकारी दिए । उनका अनुसार भाषा परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूले दोस्रो चरणको 'स्किल टेस्ट'मा उत्तीर्ण भई स्वास्थ्य परीक्षणबाटसमेत सफल भएपछि मात्र रोजगार आवेदन फाराम भर्न पाउने छन् । भाषा परीक्षा र सीप परीक्षणमा प्राप्त अंकको आधारमा अधिकतम अंक प्राप्त गर्नेहरू लाई रोजगारीका लागि क्रमशः रोस्टरमा सूचीकृत गरिने शाखाले उल्लेख गरेको छ ।

# खाडी मुलुकमा घरेलु कामदार खुलाउन माग

**काठमाडौं (प्रस)–** सरकारले वैदेशिक रोजगारीमा महिला घरेलु कामदार जान लगाएको बन्देज फुकुवा गरी वैधानिक बाटो खुला गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसको सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन खाडी मुलुकहरूमा नेपाली महिलाहरूलाई घरेलु कामदारको रूपमा जान लगाइएको बन्देजप्रति आपत्ति जनाउँदै उनीहरूले तत्कालै खुला गर्नुपर्नेमा जोड दिएका हुन् ।

लैंगिक विभेदका कारण वैदेशिक रोजगारीका लागि घरेलु श्रममा जाने महिलाहरू गैरकानुनी बाटो प्रयोग गर्न बाध्य भएको श्रम तथा आप्रवासन क्षेत्रका अनुसन्धानकर्ता रामेश्वर नेपालले बताए । खाडी मुलुकमा जान चाहने घरेलु महिला कामदारलाई श्रम स्वीकृतिमा लगाउँदै आएको बन्देज फुकुवा गरी सुरक्षितरूपमा जाने व्यवस्था मिलाउन उनले सरकारसँग आग्रह गरे । 'महिला घरेलु कामदारलाई रोजगारीका लागि विदेश पठाउन रोक लगाउनु भनेको संविधानमात्रै नभएर मानवअधिकारको मर्मविपरीत छ,' उनले भने, 'कुनै विकल्प नदिई सरकारले विभिन्न सर्त राखेर घरेलु कामदारमाथि बन्देज लगाइराख्नु विभेदको नमूना हो ।'

अहिलेको परिस्थितिमा महिलाहरूले पुरुषसरह नै काम गर्न सक्ने र उनीहरूलाई सक्षम बनाएर पठाउनुपर्ने दायित्व सरकारको रहेको श्रमविज्ञ डा. मीना पौड्यालले बताइन् । उनले सांसदहरूको भूमिकामाथि प्रश्न उठाउँदै आफूलाई भोट दिएर जिताउने मतदातालाई नै विदेशमा काम गर्न जानबाट रोकिएको आरोप लगाइन् । त्यस्तै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले सरकारले महिला घरेलु कामदारमा खाडी (क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## आक्रोशित...

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नै कार्यकर्ताबाट जुत्ता प्रहार भएको सामना गर्नुपरेको थियो । उनीलाई लक्षित गरेर १८ फागुन २०७६ मा राष्ट्रिय सभागृहमा आयोजित कार्यक्रममा पूर्वमाओवादी कार्यकर्ता रविन तिरुवाले जुत्ता प्रहार गरेका थिए । जनयुद्धका सहिद परिवार रहेका उनी पनि माओवादीमै क्रियाशील थिए । तर, जनयुद्धका सुप्रिम कमाण्डर रहेका दाहालले युद्धकालीन सबै एजेण्डा बिर्सेर युद्धका सहयात्रीहरूलाई भुलेको भन्दै जुत्ता प्रहार गरेको तिरुवाले बताएका थिए ।

तिरुवाभन्दा अघि अर्का माओवादी कार्यकर्ता पदम कुँवरले २ मंसिर २०६९ मा भृकुटीमण्डपमा आयोजित चियापानमा दाहाललाई झापड हानेका थिए । तत्कालीन उपाध्यक्ष मोहन वैद्यसहितको ठूलो पंक्ति माओवादीबाट अलग हुनुअघि कुँवरले दाहालले झापड हानेका हुन् । दाहाल दलाल संसदीय भासमा फसेको भन्दै रिस थाम्न नसकेर झापड हानेको उनले बताएका थिए ।

नेताहरूमाथि हुने यस्ता आक्रमणका घटना अस्वाभाविक नभएको राजनीतिक विश्लेषक डा. तारानाथ घिमिरे बताउँछन् । '२०४६ सालमै स्वर्गजस्तो देश बनाउने भनेर काठमाडौंमा आन्दोलन भएको थियो । पछि आन्दोलनरत पक्ष सत्तामा पुग्दा त्यस्तो भएन । बाबुराम भट्टराईलगायतले पछि त्यसविरुद्ध प्रश्न उठाउँदै ज्ञापनपत्र बुझाए । बन्दुक उठाए,' उनले प्रभावसँग भने, '२०६१ पछि आठ दल बनेर राजतन्त्रविरुद्ध लडे, तर उस्तै छ । नेताहरू भ्रष्टाचारमा लिप्त छन् । परिवारवादमा फसेका छन् । अनि जनता आक्रोशित हुँदैनन् ? चुप लागेर बस्छन् ?'

पूर्वप्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा पनि जुत्ता सामना गरेका नेतामै पर्छन् । २०४८ सालमा गृहमन्त्री छँदा तत्कालीन जनमोर्चाका सांसद कमानसिंह लामाले देउवामाथि जुत्ता प्रहार गरेका थिए । नेपालको संसदीय राजनीतिक इतिहासमा वहालवाला मन्त्रीमाथि पहिलोपटक जुत्ता प्रहारको घटना भएको मानिन्छ । देउवाको कार्यशैलीमाथि प्रश्न उठाउँदै लामाले जुत्ता प्रहार गरेको बताइन्छ । पूर्वसांसद, दक्षिण कोरियाका लागि पूर्वराजदूतसमेत रहेका माओवादी नेता लामाको निधन भइसकेको छ ।

देउवामाथि जुत्ता प्रहार भएको दुई वर्षपछि २०५० सालमा तत्कालीन कृषिमन्त्री (वर्तमान राष्ट्रपति) रामचन्द्र पौडेलले राष्ट्रिय सभामा झापड खाए । बहालवाला मन्त्री पौडेललाई झापड हान्ने एमालेका राष्ट्रिय सभा सदस्य गोल्छे सार्की हुन् । कृषि मलको विषयमा मन्त्रीका रूपमा जवाफ दिएर फर्किने क्रममा सार्कीले झापड हानेका थिए । हाल पौडेल राष्ट्रपति छन् ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई लक्षित गर्दै ४ साउन २०७२ मा कुर्सी प्रहार भएको थियो । गृहजिल्ला रौतहटको गौरमा नेपाललाई लक्षित गरेर अनिल झा नेतृत्वको सद्भावना पार्टीका कार्यकर्ताले कुर्सी प्रहार गरेका थिए । त्यसबेला पहिचान विरोधी दलको रूपमा एमालेलाई मधेसवादी दलहरूले अर्थ्याउँथे । सोही दलको नेताका रूपमा नेपाल संविधानको मस्यौदाबारेको छलफलका लागि रौतहट पुग्दा कुर्सी प्रहार भएको हो । हाल नेपाल नेकपा एकीकृत समाजवादीका अध्यक्ष छन् ।

त्यसअघि सोही दलका सम्मानित नेतासमेत रहेका पूर्वप्रधानमन्त्री झलनाथ खनाललाई ६ माघ २०६७ मा सुनसरीमा एमालेकै एक कार्यकर्ताले चड्कन हानेका थिए । भरौलका देवीप्रसाद रेग्मीले कार्यक्रममै खनाललाई चड्कन दिएका दिए । उनले भने आक्रोशले भन्दा पनि ठूलै नेतालाई चड्कन हान्न मन लागेको र संयोगले खनाल परेको बताएका थिए ।

पूर्वप्रधानमन्त्री सुशील कोइरालालाई १३ असार २०६९ मा कांग्रेसकै कार्यकर्ता प्रवेश बस्नेतले आक्रमण प्रयास गरेका थिए । अन्य कांग्रेस कार्यकर्ताले जोगाएका कारण कोइरालामाथि त्यसबेला केही भएन । कांग्रेसमा गुटगत राजनीति कोइरालाले गरेको भन्दै आक्रोशित उनले आक्रमण प्रयास गरेका थिए ।

अर्का पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईमाथि पनि जुत्ता प्रहार भएको थियो । पृथ्वीनारायण क्याम्पस पोखरामा २२ मंसिर २०७३ मा भट्टराईमाथि कैलालीका सञ्जीव भट्टराईले जुत्ता प्रहार गरेका थिए । सञ्जीवले जुत्ता प्रहार गर्नुको कारण भने अझैसम्म खुलेको छैन । जुत्ता प्रहार भएका भट्टराई हाल नेपाल समाजवादी पार्टी (नेसपा)का अध्यक्ष छन् ।

भट्टराईलेभन्दा पहिले वर्तमान उपप्रधान तथा रक्षामन्त्रीसमेत रहेका कांग्रेस नेता पूर्णबहादुर खड्काले चप्पल प्रहारको सामना गर्नुपरेको थियो । तत्कालीन एमाले सभासद कमला शर्माले १५ जेठ २०६५ मा चप्पल प्रहार गरेकी थिइन् ।

पूर्वअर्थमन्त्री डा. रामशरण महतलाई लक्षित गरेर गृहजिल्ला नुवाकोटमा १ चैत २०७४ मा पक्की पुल शिलान्यास गर्ने क्रममा स्थानीय रामहरि खड्काले पानीको बोतल प्रहार गरेका थिए । पूर्वमाओवादी सभासद झक्कुप्रसाद सुवेदीलाई काठमाडौंको तीनकुनेमा गोरखाका प्रेमप्रसाद देवकोटाले चिया खुवाइसकेपछि दुई झापड हानेका थिए ।


**No Objection Letter Lost**

मिति २०८०/०९/०४ गते नयाँ बानेश्वरदेखि सानोठिमी भक्तपुर जाँदा मेरो निम्न व्यहोरा भएको NO Objection Letter हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

Name : Ayush Upadhyay
NO Objection Letter : 793677858
Addres : Chandrapur Municipality-5, Rautahat
Subject : Computer Programming
Level : Diploma
Name of Institution : Niagara College Canada at Toronto School of Management
Country : Canada
Mobile No. 9841389566



**सुनकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मुलखर्क, ओखलढुंगा**

**भूलसुधार**

**प्रकाशित मिति : २०८०/०९/०८**

मिति २०८०/०९/०६ को प्रभाव दैनिकमा प्रकाशित सुनकोशी गा.पा., ओखलढुंगाको विद्युतिय खरिद सम्बन्धि सूचनामा तालिकाको बुदा नं. ४ मा, ठेक्का नं. 09/NCB/WSWORKS/SRM/080/081, ठेक्का नामः Chyanam Khola Joge Saune Pani Hyakule Aahal Khanepani Sunkoshi 10(B) को Estimated Amount (without VAT, PS & Contingency) मा रू. १,०३०,२३३.०३ हुनु पर्नेमा सूचनामा अन्यथा भएकोमा सच्चाइएको छ ।


पृष्ठ १ बाट क्रमशः

## खाडी मुलुकमा...

मुलुक जान बन्देज लगाएपछि दलालमार्फत गैरकानुनीरूपमा जानेहरूको संख्या ह्वात्तै बढेको बताए ।

उनले सरकारी संयन्त्रले एउटा मापदण्ड बनाई सुरक्षित तवरले संस्थागतरूपमा म्यानपावर व्यवसायीमार्फत त्यस्ता कामदारलाई पठाउनुपर्ने माग गरे । 'एकातिर इलिगल रूपमा गए भनेर चिन्ता गरिरहेका छौं, अर्कोतिर दलालमार्फत लाखौं तिरेर महिलाहरू असुरक्षित तरिकाले विदेश गइरहेका छन्, यसप्रति सरकारले ध्यान देओस्,' उनले भने ।

सरकारले लगाएको प्रतिबन्धका कारण वार्षिक ५० हजारभन्दा बढी नेपाली महिला गैरकानुनीरूपमा खाडीलगायतका मुलुकमा गइरहेको नेपाल घरेलु कामदार सरोकार समाजका अध्यक्ष किसन प्रधानले बताए । केही महिला दुबईबाट इराक, सिरिया, कुर्दिस्तानलगायत अन्य मुलुकहरूमा घरेलु कामका लागि तस्करी भइरहेको भन्दै उनले वैदेशिक रोजगारमा जाने घरेलु महिला कामदारको तस्करी रोक्न प्रतिबन्ध फुकुवा गर्नुपर्ने बताए ।

त्यसैगरी महिलाहरूलाई घरेलु कामदारको रूपमा पठाउन लगाइएको प्रतिबन्ध फुकुवा गर्ने विषयमा सरकारलाई पटक-पटक सुझाव दिए पनि कार्यान्वयन हुन नसकेको आप्रवासी महिला समूह (आम्कास) नेपालकी कार्यकारी निर्देशक विजया राई श्रेष्ठले बताइन् । 'प्रतिबन्धका कारण नेपाली महिलाहरू झन् जोखिममा परिरहेका छन्,' उनले भनिन्, 'प्रतिबन्धले जोखिम बढाएको छ, महिलाहरूलाई आवश्यक तालिम दिएर दक्ष बनाएर पठाउनुपर्छ ।'

यस्तै कार्यक्रममा फरक धारणा राखेका वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को मापदण्ड पालना नगर्ने खाडी मुलुकहरूमा घरेलु कामका लागि नेपाली महिलालाई पठाउने कुरा उपयुक्त नहुने बताए । 'खाडीबाट फर्केका घरेलु महिला कामदारको दृष्टान्त हेर्दा र सुन्दा कहाली लाग्दो छ,' उनले भने, 'उहाँहरू ती मुलुकमा नेपाली महिला घरेलु कामदार जानुपर्छ भन्ने पक्षमा हुनुहुन्न, सरकारले सोच विचार गरेरै बन्देज लगाएको छ, आवश्यकताअनुसार निर्णय हुन्छ नै ।'


**अधिकतम खुद्रा बिक्री मुल्य (MRP) सूची प्रकाशन सूचना**

यस अल्फा ओटोमोटिभ प्रा.लि. ले TG Auto Group Pvt. Ltd. द्वारा नेपालमै Assembled गरिएको देहाय मालवस्तुहरुको अधिकतम खुद्रा मुल्य (MRP) निम्नानुसार भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | मालवस्तुको विवरण | आकार र प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | इकाई | इकाई मूल्य प्रति इकाई | अधिकतम खुद्रा इकाई मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Royal Enfield Meteor 349.34CC Fireball | Motorcycle | Royal Enfield | Meteor 349.34CC Fireball | 349.34CC | नेपाल | १ | 550000 | 550000 | |
| २ | Royal Enfield Meteor 349.34CC Stellar | Motorcycle | Royal Enfield | Meteor 349.34CC Stellar | 349.34CC | नेपाल | १ | 555000 | 555000 | |
| ३ | Royal Enfield Meteor 349.34CC Supernova | Motorcycle | Royal Enfield | Meteor 349.34CC Supernova | 349.34CC | नेपाल | १ | 565000 | 565000 | |

बिक्रेता फर्मको नामः ALPHA AUTOMOTIVE PVT. LTD.



**Krishnapur Municipality**
**Office of The Municipal Executive**
**Gulariya, Kanchanpur**
**Sudurpaschim Province Nepal**

**Invitation of Bids (Electronic bid only)**

**Date of First Publication: - 2080/09/08(24th dec,2023)**

1. Krishnapur Municipality, Gulariya Kanchanpur Invite bid from eligible bidders for following works under NCB Procedure.

| Contract Identification No. | Description of Works | Estimated Amount NRs. with VAT and PS | Bid bond (NRs.) | Bid Document Fee NRs.) | Bid submission and opening date |
|---|---|---|---|---|---|
| 21-SCH-2080/081 | Construction of mahakali secondary school building, compound wall and gate in krishnapur municipality-06 | 95,99,867.49/- | 2,40,000/- | 3,000/- | 2080/10/09 (23rd Jan,2024) time 12:00and 2080/10/09 (23rd Jan,2024) time 14:00 |

Bank detail: Kumari Bank, Gulariya Branch, Kanchanpur

Bid Security Deposit Account : 2700248216200004


Internal Revenue Account (for bid document fee) : 2700248216200009

2. Bidder may download the Complete Bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. please refer bid document for more Detail. Bid security validity period is 120 days. Eligible Bidders must visit PPMO egp system www.bolpatra.gov.np/egp for detail.

3. Municipality reserves all right to accept or reject, wholly or partially any or all the Tender without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस ८ गते २०८०, आइतबार

**मेष** अरूले आलोचना पनि गर्न सक्छन् ।

**वृष** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**मिथुन** आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**सिंह** स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ ।

**कन्या** पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला ।

**तुला** परोपकारमा रूचि बढ्नेछ ।

**वृश्चिक** कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**धनु** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मकर** राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ ।

**कुम्भ** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**मीन** नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस ८ गते, २०८०, २४ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.५३ | १६९.२९ |
| स्विस फ्रेन्क | १ को | १५३.०१ | १५३.७० |
| अस्ट्रेलियन डलर | १ को | ८९.३५ | ८९.७५ |
| क्यानाडियन डलर | १ को | ९८.९१ | ९९.३५ |
| सिंगापुर डलर | १ को | १००.०७ | १००.५२ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४६ | ३५.६२ |
| कतारी रियाल | १ को | ३६.४८ | ३६.६५ |
| थाई भाट | १ को | ३.८० | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३९ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.६० |
| दक्षिण कोरियन वन | १०० को | १०.२८ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.९९ | १३.०५ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५७ |
| हङकङ डलर | १ को | १७.०४ | १७.१२ |
| कुवेती दिनार | १ को | ४३२.६४ | ४३४.५९ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सहायता कक्षमा 'दोभासे' राख्दै कामपा

**काठमाडौं-** काठमाडौं महानगरपालिकाको केन्द्रीय कार्यालयमा रहेको सहायता कक्षमा सांकेतिक भाषाको अनुवादक (दोभासे) राख्ने भएको छ ।

बुझाइका कारण कुनै पनि सेवाग्राही सेवाबाट वञ्चित हुनु नपरोस् भनेर कामपाले यस किसिमको व्यवस्था गर्न लागेको बताएको छ । 'नागरिकलाई समावेशी र पहुँचयुक्त सरकारको प्रत्याभूति गर्न हामीले सामाजिक क्षेत्रका कार्यक्रममा विशेष प्राथमिकता दिएका छौं,' कामपाको सामाजिक समिति संयोजक रामकुमार केसीले भने । उनका अनुसार सांकेतिक भाषामा मात्र कुरा बुझ्ने सेवाग्राहीले कामपाको सेवाबाट वञ्चित हुन नपरोस् भनेर यस किसिमको व्यवस्था गर्न लागिएको हो ।

कार्यालयमा उपलब्ध हुने यो सेवासँगै आवश्यकताका आधारमा लक्षित वर्गलाई सांकेतिक भाषाको तालिम पनि उपलब्ध गराउने संयोजक केसीले जानकारी दिए । त्यस्तै कामपाले 'पुस्तकरहित शुक्रबार कार्यक्रम' अन्तर्गत कक्षा १ देखि ८ सम्म व्यावहारिक/प्रयोगात्मक कक्षा सञ्चालन गर्न इच्छुक संघसंस्थालाई विद्यालयमा सूचीकृत हुन आग्रह गरेको छ ।

इच्छा भएका संघसंस्थालाई यही पुस ११ गतेभित्र सूचीकृत हुन आग्रह गरेको कामपा शिक्षा विभागका प्रमुख सीताराम कोइरालाले जानकारी दिए । प्रमुख कोइरालाले भने, 'विद्यार्थीलाई हरेक शुक्रबार केही नयाँ ज्ञान दिने उद्देश्यसहीत विद्यालयमा तालिम प्रदायक संघसंस्थालाई सूचीकृत हुन आग्रह गरिएको हो ।'

कामपाले आफ्नो क्षेत्रमा सञ्चालितमध्येका ८१ वटा सामुदायिक विद्यालयमा गत वैशाख १२ गतेदेखि पुस्तकरहित शुक्रबार कार्यक्रम सञ्चालन गर्दै आएको छ । जसअन्तर्गत हरेक शुक्रबार किताबमा भएकाभन्दा फरक र व्यावहारिक ज्ञान दिएर बालबालिकालाई शिक्षा दिनु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

चालु आर्थिक वर्षमा शिक्षाका लागि जम्मा एक अर्ब ३२ करोड नौ लाख ३३ हजार रूपैयाँ रकम विनियोजन गरेको कामपाले शिक्षामा सीप कार्यक्रमको लागि छुट्टै बजेटको व्यवस्था गरेको छ । कामपाको मागअनुसार सूचीकृत हुने संघसंस्थाले चालु आवको अन्त्यसम्म बिदा र परीक्षाको अवधि कटाएर १५ वटा शुक्रबार शैक्षिक क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । हरेक शुक्रबार छ घण्टाको कक्षा हुने छन् ।

# 'अंगदानका निम्ति सबैले प्रोत्साहित गरौं'



**काठमाडौं (प्रस)-** प्रधानमन्त्री पुष्पकमल दाहालले मानव अंगदान र प्रत्यारोपणबारे सकारात्मक दृष्टिकोण बनाई आ-आफ्नो ठाउँबाट योगदान गर्न अपिल गरेका छन् । सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र र अंग प्रत्यारोपण समाज नेपालद्वारा आयोजित प्रथम राष्ट्रिय प्रत्यारोपण सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले अंगदानका लागि प्रेरित गर्नुपर्ने बताए ।

'सबै दाजुभाइ दिदीबहिनीमा म आह्वान गर्दछु- अंगदान गर्दा धेरै मानिसले पुनर्जीवन पाउँछन् । मानव हुनुको नाताले कलेजो, मिर्गौला, मुटु, फोक्सोलगायत अंग फेल भएर मृत्युको मुखमा पुगेका बिरामीलाई बचाउन प्रयास गर्नु सबै मानवको साझा जिम्मेवारी हो,' उनले भने, 'तसर्थ, अंग प्रत्यारोपणको यस राष्ट्रिय अभियानबारे सकारात्मक दृष्टिकोण बनाई आ-आफ्नो ठाउँबाट योगदान गर्न सम्पूर्ण नेपालीमा हार्दिक अपिल गर्दछु ।'

सम्मेलन गुणस्तरीय स्वास्थ्य सेवाका दृष्टिले महत्त्वपूर्ण एवं रचनात्मक हुने विश्वास व्यक्त गर्दै प्रधानमन्त्रीले नेपालको अंग प्रत्यारोपण उपचारका क्षेत्रमा रहेका जटिलता सम्बोधन गर्न आफू प्रतिबद्ध रहेको बताए । मानव अंग प्रत्यारोपणका विज्ञ एकैठाउँ भेला भएर प्रत्यारोपणसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभव आदानप्रदान एवं प्रत्यारोपण क्षेत्रका चुनौती सम्बोधन गर्न सम्मेलन सहयोगी हुने प्रधानमन्त्रीले बताए । सामूहिक छलफलका आधारमा सम्मेलनले दिने सुझाव र निकाल्ने निष्कर्ष स्वास्थ्य सेवामा गुणात्मक रूपान्तरणका निम्ति महत्त्वपूर्ण हुने उल्लेख गर्दै उनले सम्मेलनका सुझाव र निष्कर्षअनुसार यस क्षेत्रमा गर्नुपर्ने सुधारका निम्ति सरकार प्रतिबद्ध रहेको बताए ।

आफू दोस्रोपटक प्रधानमन्त्री भएका बेला राष्ट्रिय अंग प्रत्यारोपण केन्द्रलाई विस्तार गर्न जग्गा उपलब्ध गराउने निर्णय गरेको स्मरण गर्दै प्रधानमन्त्रीले गत वर्ष पनि यसबारे पुनः प्रतिबद्धता व्यक्त गरिसकेको दोहोऱ्याए । 'मेरो यही कार्यकालमा यससम्बन्धी बाँकी काम टुंगोमा पुऱ्याउन सरकार प्रतिबद्ध छ,' उनले भने ।

मस्तिष्क मृत्युपछि अंगदान गर्नेसम्बन्धी विषयमा राष्ट्रिय प्रत्यारोपण केन्द्रले गरेको प्रयास सराहनीय रहेको प्रधानमन्त्रीको भनाइ थियो । मस्तिष्क मृत्युपछि अंगदान गर्न आमसर्वसाधारण हिचकिचाइरहेको देखिएको उनको भनाइ थियो ।

शरीरका विभिन्न अंग फेल भई मृत्युको मुखमा पुगेका बिरामीलाई बचाउने महान् अभियानलाई प्रवर्द्धन गर्न सरकारको तर्फबाट सम्पूर्ण किसिमले साथ र सहयोग रहने प्रतिबद्धता प्रधानमन्त्रीले व्यक्त गरे ।

**प्रत्यारोपण केन्द्र विस्तारका लागि जग्गा उपलब्ध गराइने**

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र विस्तारका लागि आवश्यक जग्गा उपलब्ध गराउन प्रक्रिया सुरु भइसकेको बताए । उनले प्रधानमन्त्रीको पटक-पटकको निर्देशनपछि केन्द्र विस्तारका लागि जग्गा उपलब्ध गराउने प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

'बिरामीले खचाखच हुने यो केन्द्रको विस्तारका लागि भक्तपुर र नागार्जुनमा चाँडै जग्गा उपलब्ध गराउने छौं,' उनले भने, 'जग्गा उपलब्ध गराउन प्रधानमन्त्रीबाट पटक-पटक निर्देशन आइसकेको छ । अब जग्गाको लागि भौंतारिनुपर्ने अवस्था छैन । जग्गाको विषय चाँडोभन्दा चाँडो टुंगोमा पुऱ्याउन मन्त्रालय प्रतिबद्ध छ ।' उनले भविष्यमा स्वास्थ्य जनशक्तिको अभाव हुन नदिन तत्काल चिकित्सा शिक्षा ऐनमा संशोधनको आवश्यकता भएको बताए ।

प्रतिनिधिसभा सदस्य राजेन्द्र पाण्डेले चिकित्सा शिक्षा ऐन संशोधन गर्न आवश्यक भएको बताउँदै स्वास्थ्य क्षेत्रमा प्राविधिक जनशक्ति उत्पादनमा चिकित्सा शिक्षा ऐनले बाधा पुगेकाले त्यसलाई संशोधन गर्न आवश्यक भएकामा जोड दिए । ऐन संशोधन नहुँदा ७३ वटा नर्सिङ कलेज बन्द भएका र एक खर्ब ४३ अर्ब रूपैयाँ चिकित्सा शिक्षा अध्ययन गर्न विदेश जानेले बाहिर लगेका उनले बताए ।

# सर्वोच्च अदालत प्रविधिमैत्री सेवा दिन तयार छ : प्रधानन्यायाधीश

**धुलिखेल (प्रस)-** प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले सर्वोच्च अदालत प्रविधिमैत्री सेवा दिन तयार रहेको बताएका छन् । नेपाल बार दिवसका अवसरमा काभ्रेपलाञ्चोकको धुलिखेलमा शनिबार आयोजित '६८औं बार डे' २०८० का अवसरमा उनले प्रविधिमैत्री सेवा दिन आफूले प्रयत्न गरिरहेको बताए ।

सुधारका पाटो खोज्ने क्रममा प्रविधिमैत्री वातावरण बनाउन आफू लागिपरेको बताउँदै प्रधानन्यायाधीश श्रेष्ठले प्रविधिको प्रयोग गरेर अनियमिमता रोक्न सकिने विश्वास व्यक्त गरे । जुनसुकै जिल्लाबाट बकपत्र गर्न काठमाडौं नै आउनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले आफू प्रधानन्यायाधीश नियुक्त भएदेखि विशेष अदालत, श्रम अदालत र वैदेशिक रोजगार न्यायाधीकरणमा भिडियो कन्फ्रेन्समार्फत बहस गर्न सक्ने प्रविधि स्थापना गर्ने प्रयास भइरहेको जानकारी दिए ।

कार्यक्रममा काठमाडौं जिल्ला अदालत बारका अध्यक्ष अधिवक्ता रामचन्द्र पौडेलले एकअर्कालाई गालीगलौज गरेर न्यायपालिका सुध्रिने अवस्था नरहने भन्दै त्यसलाई कमजोर पार्ने काम कसैबाट पनि नगर्न आग्रह गरे । विशेष अदालत बारका अध्यक्ष अधिवक्ता चुडामणि पौडेलले नेपाल बार एसोसिएसन के गर्दै छ र के गर्न जरुरी छ भनेर समीक्षा गर्न आवश्यक जरुरी रहेको बताए ।

'स्वतन्त्र न्यायपालिका प्रविधिमैत्री सेवा, सक्षम कानुन व्यवसायी पेसागत मर्यादा' भन्ने नाराका साथ उच्च अदालत बार एसोसिएसन पाटन, विशेष अदालत बार एसोसिएसन, काठमाडौं जिल्ला अदालत बार, भक्तपुर जिल्ला अदालत बार, ललितपुर जिल्ला अदालत बार र काभ्रेपलाञ्चोक जिल्ला अदालत बार एसोसिएसनको संयुक्त आयोजनामा भएको कार्यक्रममा धुलिखेल नगरपालिका प्रमुख अशोक ब्याञ्जु, उच्च अदालत बार पाटनका अध्यक्ष शान्तिराम खतिवडा, नेपाल बारका महिला समिति उपाध्यक्ष आशा राईलगायतले '६८औं बार डे' सफलताको कामना गरेका थिए ।

पृष्ठ १ बाट क्रमशः

## कुरा...

तर, मदिरा ऐन २०३१ र ५ माघ २०७६ मा सर्वोच्च अदालतबाट भएको फैसलाले भने ब्राण्डिङ गरेर बेचबिखन गर्न बन्देज लगाएको छ । पूर्वप्रधानन्यायाधीश (तत्कालीन न्यायाधीश) हरिकृष्ण कार्की र बमकुमार श्रेष्ठको इजलासले गरेको फैसलाको पूर्णपाठमा एक वर्षमा छ महिनामात्र घरेलु मदिरा उत्पादन गर्नुपर्ने, एकपटकमा पाँच लिटर मदिरा र १० लिटर जाँड घरेलु रूपमा उत्पादन गर्न पाइने उल्लेख छ ।

सर्वोच्चले चाडबाड, रीतिरिवाज र संस्कृतिका लागिमात्रै यस्तो प्रबन्ध गरेको हो ।

सर्वोच्चको यो फैसलाले घरेलु मदिरा उत्पादन गर्ने वर्षभरिमा ३० लिटर मदिरा र ६० लिटर जाँड उत्पादन गर्न पाउने व्यवस्था निश्चित गरेको छ । त्यसभन्दा बढी उत्पादन गरे उत्पादकलाई कारबाही हुने प्रावधान छ । सर्वोच्चको पछिल्लो फैसला घरेलु मदिराको ब्राण्डिङमा बाधक बन्ने देखिएको छ ।

मदिरा ऐन २०३१ को दफा १३ ले घरेलु मदिराको उत्पादन, बिक्री वितरण र निकासी गर्न प्रतिबन्ध लगाएको छ । त्यही प्रतिबन्धित व्यवस्था उल्लंघन गरेको भए अन्तशुल्क अधिकृतले जफत गर्ने स्पष्ट व्यवस्था छ । यसरी कानुनीरूपमा अड्चन रहँदारहँदै कानुन संशोधन गरेर बाधा अड्काउ फुकाउ नगरी मुख्यमन्त्री चौधरीदेखि पूर्वमन्त्री राईले घरेलु मदिराको ब्राण्डिङ बहस सतहमा ल्याएका हुन् ।

## एकै ठाउँमा रहेका शाखा कार्यालयहरु गाभिने सम्वन्धी सूचना

कुमारी बैंक लि. का तपसील बमोजिमका एकै ठाउँमा रहेका शाखा कार्यालयहरु एक आपसमा गाभिई मिति २०८०/०९/०८ बाट एकीकृत कारोबार गरिने भएको हुँदा सम्पूर्ण ग्राहक महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

| क्र.सं. | कारोबार हुने शाखाको विवरण | गाभिने शाखाको विवरण | साविकको स्थानबाट दुरी |
|---|---|---|---|
| १ | बिर्तामोड शाखा: बिर्तामोड नगरपालिका, वडा नं. ०५, काँकडभिट्टा रोड, झापा । | अनारमनी शाखा: बिर्तामोड नगरपालिका, वडा नं. ०५, अनारमनी, झापा । | ५०० मि. उत्तर |
| २ | सानोभऱ्याङ्ग शाखा: काठमाडौं महा-नगरपालिका, वडा नं. १५, सानोभऱ्याङ्ग, काठमाडौं । | ढुंगेधारा शाखा: काठमाडौं महानगरपालिका, वडा नं. १५, ढुंगेधारा, काठमाडौं । | ५०० मि. पश्चिम |
| ३ | सिद्धार्थनगर शाखा: सिद्धार्थनगर नगरपालिका, वडा नं. ५, रुपन्देही । | भैरहवा शाखा: सिद्धार्थनगर नगरपालिका, वडा नं. ८, रुपन्देही । | ५०० मि. उत्तर |
| ४ | ट्राफिक चोक शाखा: बुटवल उप-महानगरपालिका, वडा नं. ६, ट्राफिक चोक, रुपन्देही । | बुटवल शाखा: बुटवल उप-महानगरपालिका, वडा नं. ६, राममन्दिर लाइनत, रुपन्देही । | ६०० मि. दक्षिण पूर्व |
| ५ | कञ्चनपुर शाखा: भीमदत्त नगरपालिका, वडा नं. ०४, गल्ली नं ५, क्याम्पस रोड, कञ्चनपुर । | भीमदत्त शाखा: भीमदत्त नगरपालिका, वडा नं. ०४, सब्जीमन्डी रोड, कञ्चनपुर । | ८०० मि. दक्षिण |
| ६ | धनगढी शाखा: धनगढी उप-महानगरपालिका, वडा नं. ४, रातोपुल, कैलाली । | पुरानो भन्सार शाखा: धनगढी उप-महानगरपालिका, वडा नं. २, कैलाली । | ७०० मि. पूर्व |
| ७ | पुरानो पर्सा शाखा: खैरहनी नगरपालिका, वडा नं. ०६, पुरानो पर्सा, चितवन । | नयाँ पर्सा शाखा: खैरहनी नगरपालिका, वडा नं. ०८, नयाँ पर्सा, चितवन । | ७५० मि. दक्षिण |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

Kumari Bank Limited, General Administration Department, Tangal, Kathmandu, Nepal
P.O. Box: 21128, Phone No.:977-1-4543075/076/077
Email: gad@kumaribank.com, URL: www.kumaribank.com

**Gandaki Province Government**
**Ministry of Physical Infrastructure Development and Transport Management**
**Infrastructure Development Directorate**

## Infrastructure Development Office

**Syangja, Nepal**

## NOTICE OF INTENT OF ACCEPTANCE

**Date of Publication: 2080-09-08 (24th Dec 2023)**

For the provision on sub-clause 27.2 of Public Procurement Act 2063, this is to notify all Bidders who submitted their bids for the contracts as per the Notice published on 2080-07-17 (3rd Nov 2023) Egp portal, that the following mentioned lowest evaluated substantially responsive bidders are intended to award the contract.

| S.N | Name of work | Contract ID | Name of Successful Bidders | Bid Amount including VAT and PS |
|---|---|---|---|---|
| 1. | Upgrading of Saunepani Dobato Road , Waling -5 | IDOSYANGJA/NCB/W/R/021/080-81 | J. N. S. Builders And Suppliers Private Limited. Waling -08 Syangja | 3,235,635.66 |
| 2. | Upgrading of Kumeshor Chowk Majuwa Chapakot Hospital Road (Aspatal Marga), Chapakot -09 | IDOSYANGJA/NCB/W/R/022/080-81 | Sandhya and Divya Builders and Construction. Kathmandu -28 | 2,172,264.96 |
| 3. | Upgrading of Turturey Dhara haadikhola Road, Arjunchaupari-01 | IDOSYANGJA/NCB/W/R/023/080-81 | Phursamata Kalika Construction, Arjunchaupari Syangja | 2,095,617.40 |
| 4. | Upgrading of Simalsuwara Leudanda Pakwadi Road, Galyang -10 | IDOSYANGJA/NCB/W/R/024/080-81 | Grahaukalika Nirman Sewa Pvt Ltd. Gaylang -10 Syangja | 2,120,138.65 |
| 5. | Upgrading of Pakhabari Pakam Sworek Road, Bhirkot -02 | IDOSYANGJA/NCB/W/R/025/080-81 | Bhusal Enterprises Syangja | 2,072,893.10 |
| 6. | Upgrading of Dhaduwa Sunargaun Kunakhet Damaichour Road, Putalibazaar-03 | IDOSYANGJA/NCB/W/R/026/080-81 | Gaurav Builders Pauwagde Syangja | 2,017,917.97 |
| 7. | Upgrading of Swasthya Chauki Kharibot Dhaukhola Devisthan Road, Waling-02 | IDOSYANGJA/NCB/W/R/027/080-81 | Giri Nirman Sewa Ktm -31 | 2,094,053.14 |
| 8. | Upgrading and Construction of Sunarghaun - chirtung Road, galyang-01 | IDOSYANGJA/NCB/W/R/028/080-81 | Uttarbahini N.G. Group of Construction Pvt Ltd | 2,172,670.07 |
| 9. | Upgrading of Galyang- Ripa-Guthi- Yelunga Road Galyang 2,3 | IDOSYANGJA/NCB/W/R/029/080-81 | Ghyan Laxmi Suppliers & BuildersGalyang-08 Syangja | 2,840,624.28 |
| 10. | Upgrading of Dhanubase Swasthyachauki Prastabit woda Karyalaya Rakse Road, | IDOSYANGJA/NCB/W/R/030/080-81 | Giri Nirman Sewa ktm-31 | 1,924,787.73 |
| 11. | Upgrading of Satyesila -Syalbaas -Setibeni -Parbat Sadak, Galyang -5 | IDOSYANGJA/NCB/W/R/032/080-81 | saraswati nirman sewa. Manakmna -9 Syangja | 2,343,924.42 |
| 12. | Upgrading of Sirindanda Dharapani Kaure Mulabari Ghantey Road, | IDOSYANGJA/NCB/W/R/033/080-81 | Angare Bhangare Nirman Sewa Arjunchaupari Syangja. | 2,577,658.95 |

प्रभाव दैनिक
National Daily
सम्पादकीय

# जनतालाई पानी देऊ सरकार

मेलम्चीको पानी... । खानेपानीले काकाकुल काठमाडौं उपत्यकावासीको सपना हो, मेलम्ची खानेपानी आयोजना । वर्षौंदेखिको सपना आजसम्म पूरा नहुँदा आक्रोसित छन् यहाँका जनता । आक्रोसित पनि किन नहोस्, खानेपानीको अभावले हैरान भएका छन् जनता । जमिन सबै कंक्रिटले छोपिएका छन् । प्राकृतिकरूपमा पानी 'रिचार्ज' हुने ठाउँ छैन । अनि घरैपिच्छे बोरिङ र इनारबाट तानिएको छ । कसरी आउनु पानी ? अझ ठाउँ–ठाउँमा डिप बोरिङ गरेर ठूलो मात्रामा पानी निकालिएको छ । ती डिपबोरिङबाट घर–घरमा पाइप जोडिएको छ । तर पानी आउँदैन । अनि जनता बाध्य छन् ट्याांकर र जारको पानी किन्न ।

यता मेलम्ची खानेपानी आयोजना काठमाडौंमा अहिले पानी पठाउने भनेको अस्थायी रूपमा मात्रै भएको बताउँछ । पानी पठाउन ३८ नम्बर गेट तयारी अवस्थामा रहे पनि बाढीका कारण भित्री सुरुङमार्ग थुनिएको छ । काठमाडौंमा पानी पठाउने पाइप र सानो सुरुङ सफा गर्नुपर्ने आयोजनाको भनाइ छ । पाइप र सानो सुरुङ सफा गर्न एक महिनाजति समय लाग्ने अनुमान छ । तर सफा कसरी गर्ने ? यसका लागि बोर्डले निर्णय गर्नुपर्ने भन्दै आयोजनाले गैरजिम्मेवारीपन देखाइरहेको छ । आयोजनाको बोर्ड निर्णय गर्न सक्ने अधिकार सम्पन्न नभएकोले अहिले यो सफाइ सुरु नभएको आयोजनाले जनायो ।

मेलम्चीको पाइप घरघरमा पुगेको छ । पाइप जोडिँदा निकै हर्षित भएका जनता अहिले पाइपमाथि आक्रोस पोखिरहेका छन् । हुन पनि पानी नआउने पाइपको के अर्थ ? यता मेलम्चीको पानी ल्याउने नारा लिएर सत्तामा पुग्नेहरूले मेलम्चीको मुहान घुम्नेबाहेक नतिज(ामुखी काम गर्न सकेको देखिँदैन । काठमाडौंमा खानेपानीको हाहाकार भएयता दैनिकजसो नेता–मन्त्री सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकामा रहेको मेलम्ची हेडवर्क्स पुग्छन् । प्रधानमन्त्री, मन्त्री, सभामुख, सांसदलगायत सबैजसो मेलम्चीको मुहान पुगे पनि कुनै प्रगति हुँदैन । गत असारबाट पानी ठप्प रहेको छ । वर्षात्को समय बन्द गरिएको मेलम्चीको पानी पुसको मध्य लाग्न लाग्दासम्म ल्याउन नसक्नु सरकारको लाचारीपन हो । जनताप्रति योभन्दा गैरजिम्मेवारीपन के हुनसक्छ ? किन तत्काल काठमाडौंमा पानी ल्याउने काम गर्न सक्दैन सरकार ?

आयोजनाका अनुसार सुरुङ सफा गर्ने जिम्मेवारी सिनो हाइड्रोको हो । तर सिनोले यस्तो सानो काममा हात नहाल्ने भन्दै पन्छिँदै आएको छ । तर स्थलगत भ्रमणमा पुगेका नेता प्रदीप पौडेलले भने सुरुङ सफा गर्ने विषय खासै ठूलो नदेखिएको बताए । उनको भनाइमा बाढीले जम्मा गरेको फोहोर धेरै फाल्नुपर्ने देखिँदैन । अलि प्रयास गरे छोटै समयमा खोल्न सक्ने उनको भनाइ छ । त्यसो भए सरकारले किन प्रयास गरिरहेको छैन ? जनतालाई प्रस्ट जवाफ दिनुपर्छ ।

# गैरक्रिस्चियनबीच पनि व्यापक बन्दै क्रिसमस



पदम श्रेष्ठ

> देश, काल र स्थानमात्र फरक । प्रेम, करूणा र परोपकारमा विश्वास राख्ने क्रिस्चियन नेपालमा कहिले भित्रिए यकीनसाथ भन्न नसकिए पनि ने.सं. ८३५ देखि ८८७ सम्म मल्लकालमा उपत्यकाका टुरी भाजुलगायत ८० जना नेवार क्रिस्चियन थिए भनिएको छ । पछि राजा पृथ्वीनारायण शाहद्वारा नेपाल एकीकरण गरेपछि देश निकाला गरिए । क्रिस्चियन इतिहास खोतल्दा यशु स्वयं काश्मिरी पहिरनमा १२ देखि ३० वर्षको उमेरमा भारतहुँदै तिब्बतको हिमोश गुम्बा पुग्दा नेपालको बाटो हिँडेको अनुमान छ ।

डिसेम्बर २५, जिजस क्राइस्टको जन्मोत्सव । क्रिस्चियन धर्मका प्रवर्द्धक यशु क्रिस्टको जन्म इ.पु. ४ डिसेम्बर २५ मा इजरायलको जेरुसेलमस्थित बेथलेहेम गाउँको एक तबेलामा भएको थियो । एउटी अविवाहित कन्या मेरियमको कोखबाट उनको जन्म भएको थियो । परमेश्वरलाई पितातुल्य मान्ने यस धर्ममा दया, प्रेम, पवित्रता र समानताको सन्देश लिएर यस दुनियामा आएका थिए यशु क्रिस्ट । तर यसबाट धर्मभिरु यहुदी पुजारी र रोमन शासक दुवै तर्सिए । अन्ततः देशद्रोहको अभियोगमा उनलाई क्रुसमा झुन्डयाइ फाँसी दिइयो ।

यस घटनालाई क्रुसिफिकेसन ३० एडी भनेर स्मरण गरिन्छ । जिसस मारिए तर उनका उपदेश अमर रहे । उनकै उपदेशका आधारमा इसाई धर्मको स्थापना भयो । नेपालमा पनि केही कालअघिसम्म क्रिस्चियनलाई पश्चिमाहरूको अतिक्रमणका रूपमा हेरिन्थ्यो । त्यति(मात्र होइन कि तत्कालीन राजा पृथ्वीनारायण शाहको नेपाल एकीकरणलगत्तै काठमाडौं उपत्यकाका तुरी भाजुसहित ५०० जना क्रिस्चियन नेवारहरूलाई भारतको बेटिया निकालिनुका साथै राणाकालमा जेल सजायसम्म लिइयो तर २०६३ को धर्म निरपेक्षता सहितको गणतान्त्रले देशमा जुनसुकै धर्मले पनि आफ्नो आस्थाको धर्म मान्न पाउने व्यवस्था गरेको छ तर परम्परादेखि चल्दै आइहेको धर्म संस्कारमाथि हस्तक्षेप गर्न नपाइने गरी ।

वर्तमानको खुला वातावरणसँगै देशमा क्रिसमसलाई धर्मकै रूपमा भन्दा पनि भेटघाट वा आपसी सद्भाव आदानप्रदान गरी मनाउने गैरक्रिस्चियनको जमात पनि बढ्दै गइरहेको छ । अंग्रेजी शिक्षा र इस्वी सम्वत् नयाँ वर्ष गणनाको कारण पनि नेपालको विश्वव्यापी सम्बन्धसँगै क्रिसमस मनाउने प्रचलन बढेको बताइन्छ । मुलुकका विभिन्न बोर्डिङ स्कुलहरूले शुक्रबारदेखि नै विद्यार्थीलाई क्रिसमस ट्रि, ड्रेससहित सहभागी गराएका थिए । सानाठूला होटलहरूमा गैरक्रिस्चियनहरूबाट पनि 'गेट टुगेदर'को आयोजना र सहभागी भइरहेका छन् ।

*सारा हृदयदेखि परमेश्वरलाई प्रेम गर,*
*आफूलाई जस्तै छिमेकीलाई पनि माया गर ।*
*राष्ट्रप्रमुखलाई राष्ट्रप्रमुखको र ईश्वरलाई ईश्वरको स्थानमा सम्मान देऊ ।*
*यस संसारमा एकमात्र जिउँदो प्रभु यशुखिस्ट हुनुहुन्छ ।*
*संसारमा जाऊ दुःखी, रोगी पापीको सेवा र सु-समाचार सुनाऊ ।*

यी र यस्तै उपदेशसहित क्रिस्चियन नेपाली समाजमा फैलिँदै छ । खान नपाएकालाई खान, अशिक्षितलाई शिक्षा, रोगीलाई उपचार दिएर प्रेम र परोपकारका माध्यमबाट नेपालमा क्रिस्चियन फैलिएका हुन् । क्रिस्चियनहरू जजमान शोषण गर्ने र उचनीच, छुवाछूत भेद, धनी-गरिबको कलंकलाई मान्दैनन् । फलतः यो धर्म विश्वव्यापी बन्न पुग्यो । वास्तवमा यशु भन्नाले ईश्वर र क्रिस्ट (खिष्ट)को सात्त्विक अर्थ क्रुसमा झुण्याइएको सहिद हो ।

### क्रिस्चियन धर्मको नेपाल प्रवेश

देश, काल र स्थानमात्र फरक । प्रेम, करुणा र परोपकारमा विश्वास राख्ने क्रिस्चियन नेपालमा कहिले भित्रिए यकीनसाथ भन्न नसकिए पनि ने.सं. ८३५ देखि ८८७ सम्म मल्लकालमा उपत्यकाका टुरी भाजुलगायत ८० जना नेवार क्रिस्चियन थिए भनिएको छ । पछि राजा पृथ्वीनारायण शाहद्वारा नेपाल एकीकरण गरेपछि देश निकाला गरिए । क्रिस्चियन इतिहास खोतल्दा यशु स्वयं काश्मिरी पहिरनमा १२ देखि ३० वर्षको उमेरमा भारतहुँदै तिब्बतको हिमोश गुम्बा पुग्दा नेपालको बाटो हिँडेको अनुमान छ तर, तथ्यांकअनुसारः

- ने.सं. ७४८ तिर राजा लक्ष्मीनरसिंह मल्लको पालामा पोर्चुगलका पादरी क्याथोलिक धर्मगुरु नेपाल आएको पाइन्छ । ने.सं. ७६० मा राजा प्रताप मल्ललाई ग्रोबर र डोरविल नामक दुईजना पादरीले दूरबिन उपहार दिएका थिए ।
- हिन्दूस्तानबाट चीनको ल्हासाहुँदै नेपाल पसेका ती पादरीले चढाएको उपहार दूरबिन पाएर खुसी भएका राजा प्रताप मल्लले नेपालमा इसाई धर्म प्रचार गर्न दिए, तर जनविरोधपछि ती पादरी नेपाल छाड्न बाध्य भए ।
- ने.सं. ८२० मा जगज्जय मल्लको पालामा जोगीको भेषमा इटालियन पादरी माइकलाई



ब्राह्मणले पक्रेर देश निकाला गरे ।
- ने.सं. ८६४ मा राजा जयप्रकाश मल्लले स्वास्थ्यसम्बन्धी काम गर्न क्याथोलिकलाई अनुमति दिएको बताइन्छ ।
- राणा खानदानमा चन्द्रलीला क्रिस्चियन बनेपछि नेपालमा सन् १९४७ मा प्रोटेस्टेन्ट पास्चर नरशमशेर जबराले केरलाबाट मेसिनरी झिकाइ पुतलीसडकमा सर्वप्रथम चर्च स्थापना गराएका थिए ।
- नेपालमा संगठित क्रिस्चियन नरशमशेरसँग विवादपछि सन् १९६१ मा रोबर्ट कार्थरले कालोपुलमा दोस्रो चर्च निर्माण गराए ।
- सन् १९५० मा शिक्षा दिन स्थापित सेन्ट जेभियर्स, सेन्ट मेरिज स्कुल र अस्पतालपछि नेपालमा व्यापक हुन थालेको हो ।
- वि.सं.२०४६ अघि पञ्चायती सरकारले धर्म परिवर्तन गराएको निहुँमा ३० जना क्रिस्चियनले जेल सजाय भोग्नुपरेको थियो ।

### बाइबल के हो ?

बाइबल शब्द युनानी भाषा बिबलोसबाट आएको हो, जसको अर्थ एउटा पुस्तक भन्ने अर्थ लाग्दछ । बाइबल क्रिस्चियनको मार्गनिर्देशक कानुन हो । बाइबल लेख्नका लागि ४० व्यक्तिले यशुको वचनलाई संकलन गरी पुस्तकको रूप दिएको बताइन्छ । त्यसमध्ये प्रथम लेखक मोसा र अन्तिम लेखक युहन्ना हुन् भनिएको छ । बाइबल लेखी सिध्याउन करिब एक हजार ५०० वर्ष लागेको बताइन्छ । बाइबललाई दुई भागमा वर्गीकरण गरिएको छ । पहिलो पुरानो नियम करार वर्ल्ड टेस्टामेन्ट र दोस्रो नयाँ नियम करार न्यु टेस्टामेन्ट हो । करार भन्नाले सम्झौता भन्ने अर्थ लाग्दछ । बाइबलअनुसार युगलाई तीन खण्डमा व्याख्या गरिएको छ ।

१) पिता-पुर्खाको युग धर्मः आदमदेखि मोसासम्मको समय- (प्राचीन धर्म)
२) यहुदी युग धर्मः मोसा (पिता अमराम र माता योथेवेदका पुत्र)को समय (एक हजार ५०० वर्ष) यहुदीको वर्ल्ड टेस्टामेन्ट बाइबल हिब्रु भाषामा लेखिएको छ ।
३.) क्रिस्चियन युग धर्मः पेन्टिकोसको दिनदेखि संसारको अन्त्यसम्म वा यशु (कुमारी आमा मेरियमबाट) देखि हालसम्म । क्रिस्चियनको न्यु टेस्टामेन्ट बाइबल युनानी ग्रिक भाषामा छ ।

### यशु वलिदान पछि पनि दुई सम्प्रदाय देखिए । जसमाः

१) प्रोटेस्टेन्टः पुत्रभन्दा माता ठूला भनी मरियम मान्नेहरू
२) रोमन क्याथोलिकः परमेश्वरबाहेक अरूलाई मान्नुको तुक छैन भन्नेहरू जो आफूलाई यहोवाका साक्षी भन्छन् ।

यशु क्रिस्टको जन्मदिन र इरानीहरूको सूर्य पूजासँग मिल्दो मानिन्छ । यशु जन्मदिन आदिकालदेखि नै सूर्य विजयको दिन मानि भव्य पूजा हुँदै आइरहेको थियो । त्यसैले यशुलाई सूर्यपुत्र पनि भन्ने गरिन्छ ।

## मननयोग्य

### चाणक्य नीति

यता चन्द्रगुप्त खिन्न थिए । उता राजा पर्वतक महलमा नाचगान खानपानको क्रममा अनि सुरा र सुन्दरी पनि साथै थिए । जब हृदयको ढुकढुकी बढ्छ थामेर थाम्न सकिन्न, सुराको मस्ती यति धेरै हुँदैन जति ती विश्वमोहिनीको भोगको इच्छा अति प्रबल इच्छा हुदै गइरहेथ्यो ।

राजा पर्वतकले आवेगमा ती सुन्दरीलाई बाहुपासमा लिए । उनलाई एक कपकपी भयो सुन्दरीलाई चिन्दै नचिनी आवेगमा भरपूर एक चुम्बन लिए मानी राजालाई हजारौं विषधरले धएकैपटक हसेजस्तो भयो। राजा संजाशून्य भए (अर्थात् राजाको प्राण गयो ।)

बिहानको सूर्य एउटा नयाँ हलचल लिएर उदाए राजा पर्वतकको मृत्युको समाचार महलसहित चारैतिर फैलियो। चाणक्य र चन्द्रगुप्त पनि पर्वतकका महलतिर लागे । पर्वतकको शरीर नीलो काँचजस्तो भएको देखे । मुखबाट फिज निस्की विच्छ्यौनामा जमेको थियो । ती सुन्दरी डरले काम्दै एउटा कुनामा खडा थिइन् ।

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन् । यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो । ऊ वास्तवमा राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

"सुन्नोस् । पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो ।"

यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे । चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे । *क्रमशः*

## पत्र-मञ्जुषा

# लाजले होइन, प्रदूषणले मुख छोप्न बाध्य राजधानीवासी

बालबालिकाको पहिलो विद्यालय घर हो । अभिभावक उनीहरूको गुरु । पहिले पहिले अभिभावकले बालबालिकालाई ठाडो शिर पारेर हिँड्न सिकाउँथे । मुख छोप्नुहुन्न भनेर सिकाउने गरिन्थ्यो । जसले गल्ती गर्छ, उसले शिर निहुराउँछ भनिन्थ्यो । गल्ती गरेपछि लाजले मुख छोप्छन् भन्ने चलन थियो ।

एक ठाउँमा गरेको गल्ती लुकाउनका लागि अर्को ठाउँमा बसाइँसराइ गरिन्छ भन्ने गरिन्थ्यो । तर, अहिले ठ्याक्कै उल्टो भो । मुख नछोपिकन कोही हिँड्नै सक्दैनन् । बढ्दो प्रदूषणका कारण मुखमा मास्क लगाउनैपर्ने बाध्यता छ । सार्वजनिक सवारीसाधनमा यात्रा गर्ने यात्रु, बैंकका कर्मचारी, स्वास्थ्यकर्मी, पसले, सरकारी कर्मचारी, पैदलयात्री, भक्तजन सबैको मुख मास्कले छोपिएको हुन्छ ।

डच्युटीमा बसेका ट्राफिक प्रहरीहरूले पनि मास्क लगाएकै हुन्छन् । सदनभित्रसमेत सांसदहरू मास्क लगाएर बसेका हुन्छन् । धुँवाधुलो र सरुवा रोगबाट बच्ने उत्तम उपाय नै मास्क हो । कसैलाई सोध्यो भने भन्छन्, 'अहिले पनि कोरोना हटिसकेको छैन । अर्कोतिर प्रदूषणले गर्दा श्वास फेर्न गाह्रो हुन्छ । त्यसैले मास्क लगाउनैपर्ने बाध्यता छ ।'

अचेल त भर्खरै जन्मेको शिशुलाई समेत मुखमा मास्क लगाएर बोकेर हिँड्ने गरिएको छ । शिक्षकहरूले विद्यार्थीलाई मास्क लगाएरै पढाइरहेका हुन्छन् । यस्तो हुनुको कारण के त ? आमनागरिक स्वच्छ हावा लिनबाटसमेत वञ्चित भए, किन ? सरकारको लाचार बन्दा आमनागरिक मुख छोपेर हिँड्न बाध्य भएका छन् ।

प्रदूषणको प्रमुख कारण हो, इट्टाभट्ट । इट्टाभट्टले एकदमै धेरै वायु प्रदूषण गरेको छ । इट्टा पोल्दा निस्किने धुँवाले मानव स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ । त्यस्तै, अर्को कारण हो थोत्रा, पुराना सवारीसाधन । कालो धुँवाको मुस्लो उडाएर गाडी गुडिरहेको हुन्छ । तर, त्यस्ता गाडीलाई कारबाही भएको छैन ।

कोरोनाका कारणले नेपाल दुईपटक लकडाउन भइसकेको छ । सरकारले २०७६ चैत ११ र २०७८ वैशाख १६ गते लकडाउन गऱ्यो । त्यतिबेला पनि सर्वसाधारणले तरकारी बजार, पार्टी प्यालेसहरू जाँदा मास्क लगाउँदैनथे । अहिले त मास्क लगाउनुपर्ने बाध्यता नै भयो । कालीमाटी तरकारी बजारमा हरेकले मास्क लगाइरहेको देखिन्छ ।

यता, चियापसल, होटल, रेस्टुरेण्टहरूमा पनि मास्क नै लगाएर पुग्छन् । खाने बेलामा आधा मास्क तल झार्ने, फेरि पूरै मास्क लगाउने । यो कुराले अहिले पनि कोरोना छ भन्ने कुरा प्रमाणित हुन्छ । भारतमा पुनः कोरोनाको नयाँ भेरियन्ट देखिएको छ । सरकारले कोरोना परीक्षणको शुल्क लिन्छ । त्यसैले पनि कोही कोरोना जाँच गर्न गएका छैनन् । काठमाडौंमा बढेको प्रदूषणले विभिन्न रोग निम्त्याएको छ । जीउ चिलाउने, आँखा पोल्ने हुन्छ । सरकारले सधैँभरि आमसर्वसाधारण मुख छोपेरै हिँड्नुपर्ने बनाउने हो कि खुल्ला हिँड्न पाउने जनताको अधिकार सुरक्षित गर्ने हो ?

गल्ती नगरिकन मुख छोपेर हिँड्नुपर्ने अवस्था आएको छ । यसको दोषी सरकार हो । सरकारको वातावरण मन्त्रालय पनि छ, वातावरण विभाग पनि छ । यी निकायको काम के ? धुँवाधुलो फैलाउने सवारीको अनुगमन गर्नु, इट्टाभट्टहरू अन्यत्र सार्नु, वातावरणलाई स्वच्छ र सफा बनाउने क्रियाकलाप गर्नु यी निक(ायको काम हो ।

कर्मचारी छन् तर केही काम भएको छैन । खोलानाला सबै फोहोर भएका छन् । काठमाडौं उपत्यकाको त कुरै नगर्दा हुन्छ, उपत्यकाबाहिर पनि त्यस्तै प्रदूषित बनेको छ । जनसंख्या बढेको छ, जसले गर्दा प्राकृतिक स्रोतहरू मासिँदै, दूषित हुँदै गएको छ । प्रकृतिको संख्या, खोलानाला जगेर्नाका लागि सरकारसँग कुनै योजना नै छैन ।

उपत्यकामा हरियाली देखिन छाडिसकेको छ । रुख हेर्न पऱ्यो भने गाउँ नै जानुपर्छ । सडकको छेउछाउ स-साना बिरुवा रोपिएको छ । त्यसको पनि संरक्षण छैन । हेरचाह नहुँदा बिरुवाहरू मरिसकेका छन्, भएका पनि कहिले ठूला हुन्छन्, हुँदैनन् ? मानव श्वासप्रश्वासका निम्ति रुख बिरुवाको एकदमै धेरै महत्त्व छ ।

वनजंगल फडानी गरिएको छ तर नयाँ रुख बिरुवा रोप्नतर्फ कसैको ध्यान छैन । सरकारले नौटंकी रूपमा बागमती सफाइ अभियान चलायो । २०७० जेठदेखि हप्ताको प्रत्येक शनिबार बागमती सरसफाइको अभियान चलाइयो । अभियानको नाममा अर्बौं रूपैयाँ खर्च भयो, तर प्रगति शून्य बराबर छ । बागमतीको स्वरूप हिजो जस्तो थियो, आज पनि त्यस्तै छ । डोको, जुत्ता, झाडु, पञ्जा, साभेल भन्दाभन्दै पैसामात्र स्वाहा बनाइयो । जनताले तिरेको करदेखि विदेशीले दिएको सहयोगसमेत भ्रष्टाचार गरे । संघका सबै मन्त्रालय सिंहदरबारभित्र छ । सिंहदरबार नजिकै भएको बिजुलीबजारको धोबीखोला गन्हाएर हिँड्न सकिँदैन । अनि यस्तो पनि राजधानी हुन्छ ?

खोलानालामा फोहोर फाल्न नदिने । प्रदूषण गर्ने सवारीसाधनहरू चल्नमा प्रतिबन्ध लगाउने हो भने केही हदसम्म प्रदूषण कम होला । अझै पनि सरकारले हेलचेक्र्याइँ गर्ने हो भने उपत्यका रित्तिन बेर छैन । यहाँ न खानलाई अन्न रोप्ने ठाउँ छ, न पानी छ, न फोहोर फाल्ने ठाउँ छ । सरकारले नै उपत्यकालाई यो अवस्थामा पुऱ्याएको हो ।

**– कान्ति राई, बल्खु**

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**माघीको तयारी** | माघी पर्वका लागि जंगलबाट पात ल्याउँदै दाङको घोराही उपमहानगरपालिका–३ स्थित झिग्नी गाउँका थारु समुदाय ।
*तस्बिरः कुलदीप न्यौपाने/रासस*

# बौद्धिक अपांगता स्रोत कक्षा सञ्चालनमा आर्थिक अभाव

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका–५ गर्जमुनीस्थित शिवशंकर माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको बौद्धिक अपांगता स्रोत कक्षा आर्थिक अभावमा सञ्चालन हुँदै आएको छ ।

छुट्टै कक्षाकोठा नहुँदा बौद्धिक अपांगता भएका बाललिकालाई छात्राबासको बरण्डामा राखेर पढाउनुपर्ने अवस्था छ। राष्ट्रपति शैक्षिक कार्यक्रममार्फत आव २०७९/८० मा निर्माण भएको दुईकोठे भवनमा बालबालिकालाई बस्न छात्राबासको व्यवस्था गरिएको छ । भवन अपांगतामैत्री नहुँदा बालबालिकालाई समस्या रहेको छ । छात्राबास रहेको भवनको वरिपरि घेरबार नहुँदा विद्यार्थी बाहिर भाग्ने डरसमेत उत्तिकै रहेको विद्यालयका स्रोत शिक्षक बलदेव भट्टले बताए ।

'बाहिरका अपरिचित व्यक्ति पनि भित्र प्रवेश गर्न सक्छन्,' उनले भने, 'विद्यार्थी बाहिर गएर हराउने सम्भावना पनि छ, नगरप्रमुख अनुगमनमा पुगेका बेला छात्राबाससँगै घेरबारको समस्या राखेका हौं, अश्वासन त दिएका थिए, अहिलेसम्म पूरा गर्ने सुरसारसम्म गरिएको छैन ।' विद्यालयको मुख्य द्वार बजेट अभावका कारण विद्यालयले निर्माण गर्न सकेको छैन ।

विद्यालयसँग छात्राबासका रूपमा प्रयोग भइरहेको भवन परम्परागत शैलीमा निर्माण भएको हुँदा छात्रछात्रालाई बस्न निकै अप्ठ्यारो रहेको छ । कक्षामा सात छात्र र पाँच छात्रा गरी १२ बौद्धिक अपांगता भएका विद्यार्थी अध्ययनरत रहेका छन् । 'पर्याप्त बस्ने व्यवस्था नहुँदा बौद्धिक अपांगता भएका बढी विद्यार्थी भर्ना लिन सकेका छैनौं,' विद्यालयका प्रधानाध्यापक विष्णुदत्त जोशीले भने, 'धेरै ठाउँबाट बालबालिका भर्नाका लागि अभिभावक पुगेका थिए, छात्राबासमा राख्ने ठाउँ नहुँदा फिर्ता गर्नुपरेको छ ।'

छात्राबासमा कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका, लालझाडी गाउँपालिका, कृष्णपुर नगरपालिका र बझाङ तथा बैतडीलगायत क्षेत्रका बौद्धिक अपांगता भएका छात्रछात्रा पढ्दै आएका छन् । बौद्धिक अपांगता भएका छात्रछात्राको पठनपाठन, सरसफाइ र रेखदेखका लागि एक स्रोत शिक्षक, एक सहयोगीको व्यवस्था गरिएको छ ।

विद्यालयमा आवासीयरूपमा पढ्दै आएका बौद्धिक अपांगता भएका छात्रछात्रालाई जनही मासिकरूपमा चार हजार रूपैयाँका दरले १० महिनासम्मका लागि रकम प्रदान हुने गरेको छ । सोमध्ये बौद्धिक अपांगता विद्यार्थीलाई मासिकरूपमा खर्चबापत ५०० रूपैयाँ उपलब्ध गराउनुपर्छ ।

तीन हजार ५०० रूपैयाँ रकमले छात्राबासमा बस्दै आएका बौद्धिक अपांगता भएका विद्यार्थीलाई खाना, लत्ताकपडा, स्टेशनरी, ओढ्ने बिछ्याउने कपडा, साबुन, सोडालगायतको व्यवस्था मिलाउनुपर्छ । 'थोरै रकममा विद्यार्थीलाई आवश्यक सबै समान उपलब्ध गराउनुपर्छ,' प्रअ जोशीले भने, 'यसबाट पर्याप्त लत्ताकपडा र आवश्यकीय सामानको जोहो गर्न कठिन छ, विद्यालयका अन्य शीर्षकबाट रकम जोरजम्मा गरी जेनतेन स्रोत कक्षा सञ्चालन गर्दै आएका छौं ।' दिनको एकपटक नास्ता, दुईपटक खानाको व्यवस्था गर्न नै अप्ठ्यारो रहेको उनी बताउँछन् ।

बौद्धिक अपांगता भएका विद्यार्थीलाई विद्यालयमा व्यावहारिक ज्ञानसँगै सरसफाइ, हात धुने, कपडा सफा गर्ने, शौचालय प्रयोग गर्ने, नङ काट्ने, कपडा लगाउने, कपाल मिलाउने कुरा सिकाइने गरिन्छ । बौद्धिक अपांगता भएका विद्यार्थीलाई सक्षमताका आधारमा कक्षामा भर्ना गरी पढाउने कार्यसमेत हुँदै आएको छ। बौद्धिक अपांगता भएका विद्यार्थीका लागि भनेर पाठ्यक्रम र पाठ्यपुस्तक भने अहिलेसम्म नबनाइएको विद्यालयका शिक्षकको भनाइ छ । छात्राबासमा बसेर पढ्दै आएका विद्यार्थीको बानीमा भने सुधार हुँदै गएको स्रोत शिक्षक भट्ट बताउँछन् ।

'विद्यालयमा आउनुअघि व्यक्तिगत सरसफाइ गर्न जानेका थिएनन,' उनले भने, 'अहिले सबै जनाले व्यक्तिगत सरसफाइ आफैं गर्छन्, गर्न नसक्नेलाई आयाले सहजरूपमा सिकाइदिनुहुन्छ, धेरै जनाले अक्षर चिन्ने र लेख्ने कार्य पनि गर्दै आएका छन् ।'

उनका अनुसार बौद्धिक अपांगता भएका व्यक्तिको स्मरण शक्ति ६० देखि ७० प्रतिशतसम्म भए सक्षम मानिन्छ । कक्षामा पढ्दै आएका बौद्धिक अपांगता भएका विद्यार्थीको आइक्यूमा स्मरण शक्ति २५ देखि ३० प्रतिशतसम्म रहेको पाइएको छ ।

विद्यालयमा वि.सं. २०७५ देखि बौद्धिक अपांगता कक्षा सञ्चालन हुँदै आएको छ । जिल्लाको शिवशंकर माध्यमिक विद्यालयसँगै महाकाली माध्यमिक विद्यालय बेलौरी र महेन्द्रनगर माध्यमिक विद्यालय कटानमा गरी तीन विद्यालयमा बौद्धिक अपांगता कक्षा सञ्चालन हुँदै आएका छन् । *रासस*

# सीमाविवाद समाधान गर्न दुई मुख्यमन्त्रीबीच छलफल

**टीकापुर (प्रस)–** सुदूरपश्चिम र लुम्बिनी प्रदेशको सीमामा रहेको कर्णाली नदीका कारण बढ्दै गएको सीमाविवाद हटाउन दुवै प्रदेशका मुख्यमन्त्रीबीच छलफल भएको छ ।

छलफलपछि सीमाविवाद, कर्णाली नदीको नदीजन्य वस्तुको उपभोग संरक्षणमा उत्पन्न समस्या समाधान गर्न दुवै प्रदेशका मुख्यसचिव र संवाद समूहका वरिष्ठ सहजकर्तासहित तीन सदस्य टोली गठन भएको छ । टोलीले आगामी फागुन १२ गतेभित्र विज्ञ टोली गठन गर्न कार्यक्षेत्रगत शर्तनामा 'टिओआर' बनाएर दुवै प्रदेशका मुख्यमन्त्रीलाई बुझाउने सहमति भएको छ । बर्दियाको ठाकुरद्वारामा भएको छलफलमा दुवै प्रदेशका मुख्यसचिव, वन वातावरण र भूमि सुधारमन्त्री तथा प्रदेश सांसदको उपस्थिति थियो ।

यसैगरी छलफलमा दुवै प्रदेशका कैलाली टीकापुर, लम्कीचुहा नगरपालिका र जानकी गाउँपालिका गरी तीन र बर्दियाका राजापुर, ठाकुरबाबा, मधुवन नगरपालिका र गेरुवा गाउँपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत, बर्दिया र कैलालीका नापी प्रमुखको सहभागिता थियो । कर्णाली नदीका कारण बर्दिया र कैलालीमा सीमाविवाद वर्षौंदेखि रहेको छ । नदीले निरन्तर धार परिवर्तन गर्दा र नापी पनि नभएका कारण दुवै जिल्लाका बासिन्दाले जग्गा आफ्नो सीमामा पर्ने दाबी गर्दै आएका छन् । सीमाको सबैभन्दा बढी विवाद टीकापुर-८ र राजापुर नगरपालिका-४ मा छ ।

राजापुर नगरपालिकाका नगरप्रमुख दीपेश थारु कार्यदल बनाएर विवाद टुंग्याउन थालेको बताउँछन् । 'कैलालीतिर जंगल क्षेत्र, बर्दियामा गाउँ नै नदीमा परेको अवस्था छ । यो आफ्नै देशको सीमा भएकाले विवाद गर्नुभन्दा सहमतिमा टुंग्याउनुपर्छ भन्नेमा हामी एकमत छौं,' नगरप्रमुख थारुले भने, 'राजापुर र गेरुवा गाउँपालिकाको ७०० देखि ११ सय बिघा जमिन नदीमा छ । जग्गाधनीले कर तिर्ने तर उपभोग गर्न नपाएको अवस्था छ । त्यसैले कार्यदल बनाउने, कार्यदलले विवाद टुंग्याउने सहमति भएको छ ।'

## 'राजनीतिक ध्रुवीकरण आवश्यक छ'

काठमाडौं (प्रस)- प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका महासचिव शंकर पोखरेलले राजनीतिक ध्रुवीकरण आवश्यक रहेको बताएका छन् ।

ललितपुर च्यासलस्थित एमाले पार्टी कार्यालयमा शनिबार बागमती प्रदेश सम्पर्क कमिटीको दोस्रो अधिवेशन उद्घाटन गर्दै उनले नीतिगत श्रेष्ठताका आधारमा राजनीतिक नेतृत्व ध्रुवीकरण हुनुपर्ने बताए ।

'देश बनाउने हो भने राजनीतिक ध्रुवीकरण अपरिहार्य छ,' महासचिव पोखरेलले भने । उनले जनताले विकास र परिवर्तन खोजेको भन्दै देशको विकास र समृद्धिका लागि एमालेको विकल्प नभएको दाबी गरे ।

**Bhokraha Narsingh Rural Municipality**

## Office of the Rural Municipal Executive

**Chirauli,Sunsari,**

**Koshi Pradesh,Nepal**

### NOTICE OF TECHNICAL BID APPROVAL

**(Date of publication: 24th December 2023 AD)**

This is to notify to all the bidders who have submitted E-bids for the contract notice dated 14th September 2023 AD in Sourya Rastriya Dainik Daily as per following details.Of all the received bids,the technical bid of following bidder/s succeeded qualification criterions and found to be substantially responsive. Hence,in accordance with the clause 27(2) & (3) of PPA 2063 for the purpose of clause 47 of same act,any bidder who disagrees with the decision ,can give application for review within seven days starting from the date of publication of this notice.It is to inform all the concerned firms hereby that the financial bid will be opened at 13:00 Office hours on 1st January 2024 AD at the same office.

| Contract No./Project Name: | Name of Substantially Responsive Successful Bidder/s in Technical Bid Evaluation |
|---|---|
| BNRM/WORKS/ROAD/03/2080/2081 "Wada no. 01 ko Prakashpur Nahar Dekhi Chirauli Chowk Samma Kalopatre Sadak" | Khampache/Morang J.V., Lalitpur |

**Chief Administrative Officer**

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय
**महाकाली प्रादेशिक अस्पताल**
कन्चनपुर

### बोलपत्र प्रकाशित सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०८ (24th Dec 2023)

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यको लागि बोलपत्र सम्बन्धी प्रकाशित सूचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटी र http:www.bolpatra.gov.np.egp मा राखिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | धरौटी र कम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खुल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | MPH/NCB/Goods/ 2080/081-06 Package-A | फार्मेसी सञ्चालनका लागि औषधि खरिद | ७,३२,०००।- | ५,०००।- | २०८०।१०।०८ दिउँसो ४:०० बजेसम्म | २०८०।१०।०९ दिउँसो १२:०० बजेसम्म | २०८०।१०।०९ दिउँसो २:०० बजेसम्म |
| २. | MPH/NCB/Goods/ 2080/081-06 Package-B | फार्मेसी सञ्चालनका लागि औषधिजन्य (सर्जिकल) माल समान खरिद | २,७६,०००।- | | | | |

**मेडिकल सुपरिन्टेण्डेण्ट**

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०९/०८)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति** २०८०/०९/१६

**बोलपत्र खोलिने मिति** २०८०/०९/१७ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणीहरु :** **क्लोसेट ट्रेडर्स, युनाईटेड मल्टि विजनेश प्रा.लि., साराज कलेक्सन र छुङ्ता घले**<br>**(क) क्लोसेट ट्रेडर्स** दर्ता.नं. : ८५९७७ ठेगाना : का.म.न.पा. १६, काठमाडौं<br>**(ख) युनाईटेड मल्टि विजनेश प्रा.लि.** दर्ता.नं. : २२०४७६/०७६/०७७ ठेगाना : टोखा न.पा. ०६, काठमाडौं<br>**ग) साराज कलेक्सन** दर्ता.नं. : १३७४७१/०७४/७५ ठेगाना : का.म.न.पा. ११, काठमाडौं<br>**घ) छुङ्ता घले** (ना.प्र.नं. ३४६७, मिति २०६२/०८/०२ मा जि.प्र.का. मनाङबाट जारी भएको) ठेगाना : का.म.न.पा. १६, काठमाडौं पति : हेमनाथ सापकोटा ससुरा : कृष्ण प्रसाद शर्मा सापकोटा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. हेमनाथ सापकोटा** (ना.प्र.नं. १०१५९, मिति २०५२/०४/२६ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : कृष्ण प्रसाद शर्मा सापकोटा बाजे : भिमलाल शर्मा<br>**२. छुङ्ता घले** ऐ.ऐ<br>**३. माया देवी सापकोटा** (ना.प्र.नं. ४८०९४, मिति २०४३/०१/२३ मा जि.प्र.का. चितवनबाट जारी भएको) पति : कृष्ण प्रसाद शर्मा सापकोटा ससुरा : भिमलाल शर्मा | १. छुङ्ता घले (सापकोटा)को नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, काभ्रेस्थली गा.वि.स./न.पा. वडा नं. ०६ (ख) स्थित कि.नं. २६० (०-३-०-० रोपनी), कि.नं. २६१ (०-७-०-०-रोपनी) र कि.नं. ४४७ (०-२-२-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. छुङ्ता घले (सापकोटा)को नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, डाडापौवा, रामकोट गा.वि.स./न.पा. वडा नं. ०४ स्थित कि.नं. २६७ (१-०-२-० रोपनी) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैंले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

# प्रभाव दैनिक

रूपशाला

आइतबार ८, पुस २०८० (Sunday, December 24, 2023)


### द्रिता बनिन् मिस अर्थ २०२३

'मिस अर्थ २०२३' को ताज अल्बानियाकी द्रिता जिरीले जितेकी छन् । शुक्रवार भियतनामको होचिमिन्ह सहरमा सम्पन्न प्रतियोगितामा ८४ प्रतियोगीलाई पछि पार्दै उनले उपाधि चुमेकी हुन् । अल्बानियाले यो प्रतियोगिता पहिलो पटक जितेको हो । प्रतियोगितामा फिलिपिन्सकी एलना अदुआना फस्ट रनर अप र 'मिस अर्थ एयर' घोषित हुँदा भियतनामकी दोथी लाना सेकेन्ड रनर अप बन्दै 'मिस अर्थ वाटर' बन्न सफल रहिन् । प्रतियोगितामा थर्ड रनर अप  र 'मिस अर्थ फायर' को उपाधि भने थाइल्यान्डकी कोरा ब्लिअल्टले हात पारिन् ।



# पहिलो नृत्य निर्देशक अवार्ड




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालकै पहिलो नृत्य निर्देशकहरूको अवार्ड 'प्रथम एनडिए नृत्य निर्देशक अवार्ड-२०८०' कार्यक्रम सम्पन्न भएको छ ।

नेशनल डाइनामिक आर्ट्स (एनडिए) प्रा.लिको आयोजनामा २४ विधामा अवार्ड वितरण गरिएको थियो । कार्यक्रम नेपालकै पहिलो नृत्य निर्देशक एवं नृत्य सम्राट भैरव बहादुर थापाको प्रमुख आतिथ्यमा काठमाडौंको राष्ट्रिय नाचघर जमलमा भव्यताका साथ सम्पन्न भएको हो ।

अवार्ड कार्यक्रमको नोमिनेशनका लागि जुरी टिममा शम्भु शाही, गोबिन्द प्रभात र कृष्ण रसाल रहेका थिए भने फाइनलका लागी जुरीमा भुवन दास श्रेष्ठ, कमल राई, डा.आर.सी. कोइराला, रोचक थापा, जोगेन्द्र के.सी. र प्रदिप रमण सिं डङ्गोल रहेका थिए ।

कार्यक्रम सञ्चारकर्मी कुल तामाङले सञ्चालन गरेका थिए । कार्यक्रममा पत्रकार, कलकार,समाजसेवी तथा संघ संस्थाका प्रतिनिधिहरूको बाक्लो उपस्थिति रहेको थियो ।

क-कस्ले कुन कुन विधामा पाए अवार्ड ?

उत्कृष्ट तामाङ जातीको लोक नृत्य निर्देशक (जुरी) अवार्ड-निरु फुयाल,उत्कृष्ट थकाली नृत्य निर्देशक अवार्ड - सोनु लामा, उत्कृष्ट राई जातीको लोक नृत्य निर्देशक-नविना केसी, उत्कृष्ट हुडकेली नृत्य निर्देशक पब्लिक चोइस अवार्ड - मनु लिम्बु, उत्कृष्ट झिझिया नृत्य निर्देशक अवार्ड - नारायणी थापा मगर, उत्कृष्ट शेब्रु नृत्य निर्देशक अवार्ड - निर्जला राई, उत्कृष्ट कौडा नृत्य निर्देशक पब्लिक चोइस अवार्ड - पर्सन गुरुङ छन् ।

त्यस्तै उत्कृष्ट थारु नृत्य निर्देशक अवार्ड- दिल बहादुर सुनार, उत्कृष्ट नेवारी नृत्य निर्देशक अवार्ड- रबिन्सन श्रेष्ठ, उत्कृष्ट तीज नृत्य निर्देशक अवार्ड- सिता माया श्रेष्ठ, उत्कृष्ट मारुनी नृत्य निर्देशक- ममता राई, उत्कृष्ट टप्पा नृत्य निर्देशक पब्लिक चोइस अवार्ड- आक्रिती गुरुङ, उत्कृष्ट छलिया नृत्य निर्देशक अवार्ड- सिर्जना माया लामा, उत्कृष्ट धिमाल नृत्य निर्देशक पब्लिक चोइस अवार्ड- नरेश घले, उत्कृष्ट श्रेब्रु नृत्य निर्देशक जुरी अवार्ड - सुनिल गिरी, उत्कृष्ट झिझिया जातीको नृत्य निर्देशक पब्लिक चोइस अवार्ड-किसन बहादुर नेम्वाङ, उत्कृष्ट कौडा नृत्य निर्देशक अवार्ड - अस्मिता पराजुलीले हात पारेकी थिइन् ।

त्यस्तै उत्कृष्ट तामाङ नृत्य निर्देशक अवार्ड - सरस्वती पोखरेल, उत्कृष्ट टप्पा नृत्य निर्देशक अवार्ड - मन्दिरा न्यौपाने, उत्कृष्ट हुडकेली नृत्य निर्देशक अवार्ड - लक्ष्मी पुरी, उत्कृष्ट धिमाल नृत्य निर्देशक अवार्ड- हिरा तामाङ, सर्वोत्कृष्ट नृत्य निर्देशक पब्लिक चोइस अवार्ड- मनाङ गुरुङ, सर्वोत्कृष्ट नृत्य निर्देशक जुरी अवार्ड- दिवस गिरी, सर्वोत्कृष्ट नृत्य निर्देशक अवार्ड - युवराज गुरुङले प्राप्त गरेका छन् ।

# 'चिहानमाथि महल बनाइरहेको मान्छे' कविता संग्रह सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** कवि घनश्याम अस्तित्वको कविता सङ्गह 'चिहानमाथि महल बनाइरहेको मान्छे' सार्वजनिक भएको छ । उक्त कृतिको शनिबार एक कार्यक्रमका बीच कविहरू श्यामल अधिकारी, राधिका कल्पित र सुरज प्रधानले संयुक्त रूपमा विमोचन गरे ।

तत्कालीन ग्रामीण परिवेशको भोगाइ र वर्तमान राजनीतिक अवस्थालाई चित्रण गरेर लेखिएको उक्त सङ्ग्रहमा ६६ कविता समावेश छन् । कृतिमा राजनीतिक क्षेत्रमा देखिएका विसङ्गती, शिक्षा प्रणालीको कमजोरी, बेरोजगारी, गरिबीजस्ता विषयलाई समेटेको छ ।

कृतिको समीक्षा गर्दै कवि अधिकारीले फरक शैलीमा स्थानीय भाषा र परिवेशअनुरूप शैलीको स्वाद दिनेगरी कवि अस्तित्वले शब्दचित्रमा उतारेको उल्लेख गरे । मानिसले आश्रय दिएको सहरलाई गाली गरेर गाउँलाई बिर्सिएको सन्दर्भमा गाउँको सुगन्धलाई कविताले समेटेको बताए । 'कविता अध्ययन गर्दा नयाँ भाषाको गन्ध र स्वाद भेटिन्छ, विद्रोहको प्रतिकको रूपमा रोल्पाको लिवाङ, जलजला, थबाङ क्षेत्रको अवस्था र अनुभवलाई लेखकले उतार्न खोजेको पाइन्छ,' उनले भने ।



कवि राधिका कल्पितले चिहानमाथि महल बनाइरहेको मान्छेभित्रका कविताले प्रत्येक पाठकलाई आफ्नै भोगाइ र संघर्षको गहिराइको अनुभूति दिलाउने विश्वास व्यक्त गरे । उनले कविको बाल्यकालदेखि अहिलेको अवस्थासम्म छर्लङ्ग चित्र आउने आख्यानजस्तो कविता सङ्गह रहेको बताए । कविताले तत्कालीय द्वन्द्वकालमा रोल्पा जिल्लाको अवस्था, अध्ययनका लागि सहर छिरेको संघर्ष आदिलाई पुस्तकले उजागर गरेको कवि कल्पितले बताए ।

यस्तै कवि सुरज रानाले ग्रामीण परिवेस्टका विभिन्न गम्भीर विषयलाई कविले सरल भाषामा कविताको रूपमा उतारेको उल्लेख गरे । कवितामा त्रित्रित कतिपय पात्र र परिवेशबारे कविताले स्पष्ट पार्न नसकेको टिप्पणी गरे । पुस्तकका लेखक धनश्याम अस्तित्वले विगतमा भोगेका अनुभवलाई शब्दभावमा उतारेको उल्लेख गरे । बिएन पुस्तक संसार प्रालिले प्रकाशन गरेको उक्त पुस्तकको मूल्य रु तीन सय ५० रहेको छ ।

# गुलाफः यशोधराको जागरयात्राको रिहर्सल

**काठमाडौं (प्रस)–** थापागाउँस्थित मण्डला नाटकघरमा यतिबेला नाटक 'गुलाफ : यशोधराको जागरण यात्रा'को रिहर्सल चलिरहेको छ । कलाकारद्वय दिया मास्के र सरिता साह राजकुमारी यशोधराको मानसिक द्वन्द्व र विछोडको विक्षिप्ततालाई शरीरको भावभंगीबाट मञ्चमा देखाउन संघर्षरत छन् ।

रङ्गकर्मी रामहरि ढकालको परिकल्पना तथा निर्देशनमा मञ्चनको तयारीमा छ, गुलाफ । आफ्नै श्रीमतीको प्रसवपीडाका साक्षी बनेका ढकालले सिद्धार्थ गौतमकी पत्नी यशोधराको भावनात्मक द्वन्द्व र संघर्षलाई नाटक 'गुलाफ'मा उतार्ने कोसिस गरेका छन् ।

राजकुमार सिद्धार्थ गौतमले घरपरिवार, राज्य त्याग गरेका कारण यशोधराको मनमा उब्जेको धारणाहरूको अभिव्यक्ति नै नाटक 'गुलाफ' भएको परिकल्पनाकार ढकाल बताउँछन् । राजकुमार सिद्धार्थ गौतमको चर्चा परिचर्चा र उनको त्याग तपस्या हरेक क्षेत्रमा पढ्न र सुन्न पाइने तर यशोधराको मानसिक चित्र, सन्तान प्राप्तिको केही समय नबित्दै श्रीमानले छाडेर एक्लिँदाको मानसिक वेदना नाटक 'गुलाफ'ले बोल्ने निर्देशक ढकाल बताउँछन् ।

## रंगशाला

एनएसएल फुटबल

# काठमाडौं रेजर्स प्लेअफमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं रेजर्स नेपाल सुपर लिग एनएसएलको प्लेअफमा छनोट भएको छ ।

शनिबार लिग चरणको अन्तिम खेलमा ललितपुर सिटी एफसीलाई १-० ले हराउँदै काठमाडौं प्लेअफमा छनोट भएको हो ।

काठमाडौंको जितमा पहिलो हाफको इन्जुरी समयमा आन्द्रेस नियाले विजयी गोल गरे । कोमियोनको क्रसमा नियाले हेडमार्फत गोल गर्दै काठमाडौंलाई पहिलो हाफमा अग्रता दिलाएका थिए । हारका बाबजुट ललितपुर पनि प्लेअफमा छनोट भएको छ । काठमाडौंलाई हराउँदै पहिलो क्वालिफायरमा छनोट हुने अवसर ललितपुरलाई थियो । तर १० खेलाडीमा सिमित बनेको काठमाडौंमाथि जित निकाल्न ललितपुर असफल रह्यो ।

खेलको ७५ औं मिनेटमा अमित तामाङ रातो कार्ड खादै मैदान बाहिरिएपछि काठमाडौं १० खेलाडीमा सिमित बनेको थियो । निखिल कदमलाई टाउकोले हिर्काएका अमितलाई रेफ्रीले रातो कार्ड देखाउँदै मैदान बाहिर पठाएका थिए । त्यसपछि ललितपुरले निरन्तर काठमाडौंमाथि धावा बोलेको थियो । तर काठमाडौंको डिफेन्स लाईनलाई ललितपुरले तोड्न सकेन । उत्कृष्ट डिफेन्सको नमुना प्रस्तुत गर्दै काठमाडौंले ललितपुरलाई निराश पार्यो ।

काठमाडौं १२ अंक सहित तालिकाको तेस्रो स्थानमा उक्लियो । ललितपुर १० अंक सहित चौथों स्थानमा रह्यो । झापासँग समान अंक भएपनि गोल अन्तरका आधारमा ललितपुरले शीर्ष चारमा अटाउन सफल भएको हो ।

अब पहिलो क्वालिफायरमा पोखरा थन्डर्स र धनगढी एफसी भिड्नेछन् । इलिमिनेटर राउण्डमा ललितपुर र काठमाडौंबीच पुन प्रतिस्पर्धा हुनेछ ।

# तिलोत्तमा दौडमा ४०० सहभागी

■ प्रभाव संवाददाता

**तिलोत्तमा–** रूपन्देहीको तिलोत्तमा नगरपालिका वडा नम्बर-९ को आयोजनामा 'युवासँग कुद्छ तिलोत्तमा' भन्ने नारा सहित सञ्चालन भएको खुल्ला तिलोत्तमा दौड प्रतियोगिता सम्पन्न भएको छ।तिलोत्तमाको योगिकुटी चोकदेखि मंगलापुरसम्मको ७ किमी दुरी पार गरी विभिन्न ४ समूहका २० जना प्रतियोगिताको उत्कृष्ट स्थानमा परे ।

१२ जनालाई नगद सहित मेडल र प्रमाण पत्र द्वारा सम्मान गरिएको सो खेलमा प्रथम द्वितीय र तृतीय हुने १५ देखि ४० वर्षका महिला पुरुष समूह र ४० देखि माथि उमेरका महिला पुरुष समूहबिच भएको प्रतिस्पर्धामा उतारिएको थियो। रामजानकी मन्दिर परिसर सम्झना बाल उद्यानको परिसरमा सम्पन्न समापन कार्यक्रममा प्रतियोगितामा उत्कृष्ट हुनेलाई पुरस्कार प्रदान गरिएको थियो ।

प्रतियोगितामा बोल्दै नगरप्रमुख रामकृष्ण खाँणले खेल मार्फत युवाहरूलाई एकजुट बनाउन यस्तो प्रतियोगिताले सहयोग गर्ने बताएका थिए। नगर भित्रका युवाहरूको लागि विभिन्न खाले खेलकुद प्रतियोगिता मात्रै नभएर खेलाडी समेत सम्मान गर्ने र हरेक क्रियाकलापमा नगरपालिका अग्रसर रहेको भन्दै नगरप्रमुख खाँणले युवा मैत्री स्थानीय शासनका लागि नगरपालिका होमवर्कमा रहेको बताए ।



प्रतियोगितामा १५ देखि ४० वर्ष सम्मको उमेर समूहमा पुरुष तर्फ विशाल खड्का प्रथम भए भने द्वितीय विजय चापागाईं, तृतीय आविस क्षेत्री, र चौथो लेख बहादुर झेंडी मगर र पाँचौं दीपक विश्वकर्मा भएका छन्। त्यस्तै ४० वर्षा देखि माथि उमेरका समूहमा पुरुष तर्फ याम बहादुर डिसुवा प्रथम, द्वितीय हिरा कुमार मानन्धर, तृतीय इन्द्र बहादुर थापा, चौथो यम बहादुर थापा र पाँचौं धर्म बहादुर पुन भएका थिए ।

त्यस्तै महिला तर्फको १५ देखि ४० वर्ष उमेर समूहमा प्रकृति घिमिरे प्रथम, रक्षा श्रीस द्वितीय, सरस्वती कुँवर तृतीय, रुचि थापा सान्त्वना भएका थिए। त्यस्तै ४० वर्ष माथिका उमेर समूह अन्तर्गत महिला तर्फ राम कुमारी गाहा प्रथम, गायत्री सारु द्वितीय, राधिका गौचन तृतीय, कार्यपालिका सदस्य समेत रहेकी राधा शाही ठकुरी चौथो र सिता भुसाल पाँचौं भएका थिए ।

प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हेन प्रतियोगीलाई क्रमशः नगद रु ८ हजार ६ हजार र ४ हजार सहित मेडल र प्रमाण पत्र द्वारा सम्मान गरिएको थियो भने सहभागी सबैलाई नगरपालिकाका नगर प्रमुख रामकृष्ण खाँण, उपप्रमुख जागेश्वर देवी चौधरी, वडा अध्यक्ष ध्रुव न्यौपाने, गणेश पाठक, देवीलाल पंगेनी, गोपाल घिमिरे, रमेश डुम्रे,हरि बहादुर क्षेत्री लगायतले प्रमाणपत्र प्रदान गरेका थिए ।

फारवेस्ट पशुपति कपः

# इलाइट र घोडाघोडी विजयी



■ प्रभाव संवाददाता

**कैलाली–** कैलारी गाउँपालिका वडा नम्बर ६ को इलाइट युवा क्लब र घोडाघोडी नगरपालिकाको घोडाघोडी युवा क्लबले एनआरएनए छैटौं फारवेस्ट पशुपति कप २०८० फुटबल प्रतियोगितामा विजयी सुरुवात गरेका छन् । फारवेस्ट पशुपति युवा क्लबको आयोजनामा भइरहेको प्रतियोगिताको दोस्रो दिन भएका खेलमा जित हात पार्दै इलाइट र घोडाघोडीले क्वाटर फाइनलमा स्थान बनाएका हुन् ।

धनगढी रङ्गशालामा भएको पहिलो खेलमा इलाइट युवा क्लबले अलस्टार्स स्पोर्टस एकेडेमीलाई १-० ले हराउँदै अन्तिम आठमा पुगेको छ । इलाइटको जितमा विदेशी खेलाडी फोफानाले एक मात्रै गोल पेनाल्टीको सहारामा गरे । दोस्रो हाफको २६ औं मिनेटमा अलस्टार्सका सौगात मगरले ह्यान्ड गरेपछि पाइएको पेनाल्टीलाई विदेशी खेलाडी फोफानाले गोलमा परिणत गरे । उनी खेलको म्यान अफ द म्याच समेत बने । उनले नगद उनले नगद ५ हजार सहित ट्रफी पाएका छन् ।

धनगढी रङ्गशालामा भएको दोस्रो खेलमा घोडाघोडी युवा क्लबले टेकबहादुर चोखाल फाउन्डेसनलाई टाईब्रेकरमा ४-२ ले हराएर क्वाटर फाइनल प्रवेश गरेको हो । निर्धारित समय दुवै टोलीले दुई दुईको बराबरी खेलेका थिए । पहिलो हाफको १२ मिनेटमा गोल गर्दै घोडाघोडीले अग्रता लियो । पहिलो हाफकै १९ मिनेटमा टेकबहादुर चोखाल फाउन्डेसनका लागि ज्ञानु भण्डारीले गोल गर्दै खेल बराबरीमा पुराए । दोस्रो हाफको दोस्रो मिनेटमै टेकबहादुर चोखाल फाउण्डेसनकासुदीप धामीले गोल गर्दै आफ्नो टिमलाई २-१ म पुराए । दोस्रो हाफको १९ औ मिनेटमा फाउन्डेसनले आत्मघाती गोल खादै बराबरीमा आयो ।

पेनाल्टी सुटआउटमा फाउन्डेसनका ज्ञानु भण्डारी र राजेन्द्र प्रताप सिंहको पेनाल्टी प्रहारलाई घोडाघोडीका गोलरक्षक राजेन्द्र विष्टले बचाए । घोडाघोडीका लागि सुजित बुढाथोकी संजीव लामा माइकल शाही र करन रावतले पेनाल्टीलाई गोलमा परिणत गरे ।

फाउन्डेसनका लागि सुदिप विक र मदननाथ योगीले मात्रै गोल गरे । टिमलाई जित दिलाउन सफल घोडाघोडीका गोलरक्षक विक्रम विष्ट म्यान अफ द म्याच भए । उनले नगद उनले नगद ५ हजार सहित ट्रफी पाएका छन् । प्रतियोगिता अन्तर्गत पहिलो खेलमा ब्वाईज युनियन लम्की र नेपाल प्रहरी सुदूरपश्चिम प्रदेश तथा दोस्रो खेलमा पुर्नवास युनाईटेड र ग्रिन युथ क्लब प्रतिस्पर्धा गर्नेछन् ।

पहिलो खेल दिउँसो साढे १२ बजे र दोस्रो खेल साढे २ बजे धनगढी रङ्गशालामा हुनेछ । पुस १४ गतेसम्म धनगढी रङ्गशालामा हुने प्रतियोगितामा १५ टिमको सहभागी रहेको छ ।

प्रतियोगिताको विजेताले पाँच लाख र उपविजेताले २ लाख पाउने छन् । प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई २५ हजार तथा विभिन्न विधाका उत्कृष्टले १५-१५ हजार रूपैयाँ पुरस्कार पाउने आयोजक फारवेस्ट पशुपति युवा क्लबका अध्यक्ष खेम रावतले बताए । प्रत्येक खेलको म्यान अफ द म्याचले पाँच हजार नगद पाउने छन् ।



**नयाँ वर्षको उत्सव** | रूसको मस्कोस्थित मानेज्नाया स्क्वायरमा अंग्रेजी नयाँ वर्ष तथा क्रिसमसको अवसरमा सजाइएको 'क्रिसमस ट्रि'सँग सेल्फी लिँदै मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# दुर्लभ दुई गर्भाशय भएकी महिलाले जन्माइन् जुम्ल्याहा छोरी

**वासिङ्टन–** अमेरिकी सहर अलाबामाकी ३२ वर्षीया महिलाले दुईवटा पाठेघर लिएर जन्मेकी र दुवैमा गर्भवती भएकी महिलाले छुट्टाछुट्टै दिनमा जुम्ल्याहा छोरीलाई जन्म दिएकी छन् । केल्सी हचाचरले आफ्नो इन्स्टाग्राम अकाउन्ट 'डबलुहचाचलिंग्स' मा आफ्नो कहानी शुक्रबार लेखेकी छन्, 'हाम्रा चमत्कारिक बच्चाहरू जन्मेका छन् !'

रोक्सी लैला नामकी जेठी छोरीको जन्म मंगलबार साँझ ७.४९ बजे भएको हो भने अर्की जुम्ल्याहा शिशु रिबेल लेकेनको बुधबार बिहान ६:०९ बजे जन्म भएको हो ।

हचाचरले भनिन्, 'चिकित्सकहरूले उनीहरूको जन्म क्रिसमसतिर हुने अनुमान गरेका थिए, तर बहिनीहरू आफ्ना भाइबहिनीहरूसँग छुट्टी मनाउनका लागि समयमा नै आइपुगे ।'

आमा र छोरीहरूलाई अस्पतालबाट डिस्चार्ज गरिएको छ । हचाचरले भविष्यमा गर्भाधानदेखिका सबै विवरण सार्वजनिक गर्ने वाचा गरेकी छन् । हचाचरलाई १७ वर्षको उमेरदेखि नै 'गर्भाशय डिडेल्फिस' छ भन्ने थाहा थियो । यो एक दुर्लभ जन्मजात अवस्था हो जसले बच्चा जन्माउने लगभग ०.३ प्रतिशत महिलाहरूलाई असर गर्दछ । उनको गर्भाधानलाई लाखौंमा महिलामध्ये एक जनामा पाइने दुर्लभ घटना भनिएको छ ।

मे महिनामा नियमित आठ हप्ताको अल्ट्रासाउन्डका लागि अस्पताल पुगेकी मसाज थेरापिस्ट र पहिले नै तीन सन्तानकी आमा बनिसकेकी हचाचरले यो पटक आफ्नो पेटमा जुम्ल्याहा बच्चा रहेको र त्यो पनि आफ्नो दुर्लभ दुईवटा गर्भाशयमा एक-एक वटा भ्रुण रहेको थाहा पाएकी थिइन् ।

बर्मिंघमको महिला तथा शिशु केन्द्रस्थित अलाबामा विश्वविद्यालयमा हचाचरको हेरचाह गर्ने प्रसूति तथा स्त्रीरोग विशेषज्ञ श्वेता पटेलका अनुसार दुवै गर्भाशयमा गर्भधारण अत्यन्त दुर्लभ छ । हचाचरका अनुसार सन् २०१९ मा बंगलादेशमा २० वर्षीया आरिफा सुल्तानाले २६ दिनको फरकमा स्वस्थ जुम्ल्याहा बच्चा जन्माएकी थिइन् । *रासस/एएफपी*

# भारतमा चिसोसँगै वायु प्रदूषण बढ्यो



**नयाँदिल्ली (भारत)–** भारतको उत्तरी भूभागमा बाक्लो कुहिरो तथा वायु प्रदूषणको प्रभाव बढ्न थालेपछि शनिबार राजधानी नयाँदिल्लीको आकाश र जमिनको दृश्य कमजोर बनेको छ । यहाँको तापक्रममा एक्कासि कमी देखिएको छ ।

भारतीय मौसम विभागका अनुसार न्यूनतम तापक्रम १४ डिग्री सेल्सियस र पालममा १२.२ डिग्री सेल्सियस मापन गरिएको छ । नयाँदिल्लीमा चिसो बढ्दा, न्यानोका लागि आगो बाल्ने र ताप्ने गरेका दृश्यहरू देखिएका छन् ।

चिसोका कारण विभिन्न ठाउँमा स्थानीयहरू कम्बल( लगायतका लुगा ओढेर हिँडिरहेको देखिएको छ । साइकल चालक तथा पैदलयात्रामा निस्किएका स्थानीयले शनिबार तापक्रममा उल्लेख्य गिरावट आइ चिसो अत्यधिक बढेको बताएका छन् ।

स्थानीयले शनिबार एएनआईसँगको प्रतिक्रियामा भनेका छन्, 'चिसो अत्यधिक भएकाले पैदलयात्रा गर्न गाह्रो भइरहेको छ । कुहिरो तथा प्रदूषणले नियमित पैदलयात्रामा समस्या बढेको छ । प्रदूषणका कारण हुने स्वास्थ्य समस्याहरूबाट बच्न मास्क लगाएर बाहिर निस्किरहेका छौं ।'

दिल्लीको समग्र वायु गुणस्तर सूचकांक गुणस्तरीय मौसम पूर्वानुमान तथा अनुसन्धान प्रणालीअनुसार शनिबार बिहान ८.०७ बजे वायुको गुणस्तर 'निकै खराब' रेकर्ड गरिएको थियो ।

भारतको मौसम विज्ञान विभागका अनुसार बिहीबार राजधानीको न्यूनतम तापक्रम ७.८ डिग्री सेल्सियसमा रेकर्ड गरिएको थियो । राष्ट्रिय मौसम पूर्वानुमान एजेन्सीले यसअघि उत्तरी भारतको न्यूनतम तापक्रम आगामी तीन दिनमा २-३ डिग्री सेल्सियसले बढ्नसक्ने बताएको थियो ।

बिहारका एक रिक्सा चालक महेश कुमारले बिहीबार एएनआईसँग कुरा गर्दै चिसो मौसमले आफ्नो दैनिक काममा असर गरिरहेको बताए ।

'चिसोका कारण आज यात्रुहरू कम छन् । चिसोले हाम्रो सवारीसाधनभित्रै बस्न बाध्य तुल्याउँछ,' कुमारले भने ।

**हरियाणामा १५ दिनका लागि विद्यालय बिदा**

यसैबीच हरियाणा सरकारले शनिबार आगामी जनवरी १ देखि १५ सम्म सबै सरकारी तथा निजी विद्यालयहरूमा जाडो बिदा गर्ने घोषणा गरेको छ । हरियाणाका मुख्यमन्त्री कार्यालयको आधिकारिक ट्वीटरअनुसार शीतलहर आउने सम्भावनालाई मध्यनजर गर्दै यो निर्णय आएको हो ।

प्रशासनका अनुसार 'बढ्दो चिसोलाई ध्यानमा राख्दै, हरियाणा सरकारले सन् २०२४ जनवरी १-१५ सम्म राज्यका सबै सरकारी र निजी विद्यालयहरूमा जाडो बिदाको घोषणा गरेको छ । यस अवधिमा सबै विद्यालयहरू बन्द रहने छन् ।'

सरकारले सबै जिल्ला शिक्षा अधिकारीहरू, जिल्ला प्राथमिक शिक्षा अधिकारीहरू तथा प्रधानाध्यापकहरूलाई हरियाणा सरकारले दिएको दिशानिर्देशन पालना गर्न आग्रह गरेको छ । पञ्जाब, हरियाणा-चण्डीगढ-दिल्लीका अधिकांश भागहरूमा न्यूनतम तापक्रम ४-८ डिग्री सेल्सियसको दायरामा रेकर्ड गरिएको भारतीय मौसम विभागले जनाएको छ ।

भारतीय मौसम विज्ञान विभागले आगामी २४ घण्टामा न्यूनतम तापक्रममा करिब दुई डिग्री सेल्सियसले वृद्धि हुने जनाएको छ । *रासस/एएनआई*

# जोखिमपूर्ण समुद्री यात्रा गर्न बाध्य रोहिंग्या शरणार्थी



**कुटुपालोङ, बंगलादेश–** म्यानमारमा भएको निर्मम हिंसाबाट भागेर आएका रोहिंग्या शरणार्थीले छिमेकी देश बंगलादेशमा सुरक्षा पाउने आशा गरेका थिए, तर धेरैले भोकमरी, अपहरण र सामूहिक हिंसाबाट बच्न समुद्री जोखिमपूर्ण यात्रा गर्दै इण्डोनेसिया र मलेसियासम्मको यात्रा तय गर्ने गरेका छन् ।

दुई सन्तानकी आमाले दक्षिणपूर्वी बंगलादेशको एक अव्यवस्थित शिविरमा आफ्नो परिवारको पेट पाल्न संघर्ष गर्नुपरेको कुरा गरिरहँदा नुर कायेसको आँखामा आँसु बग्छ । सन् २०१७ मा आफ्नो घरबाट भागेपछि शिविरमा बस्दै आएकी २७ वर्षीया उनले भनिन्, 'जब छिमेकीहरूले मेरा बच्चाहरूको अगाडि केही खान्छन्, उनीहरू रून थाल्छन् । म आफ्ना छोराछोरीको आँसु थाम्न सक्दिनँ । हामीहरूसँग खानेकुरा छैन । म दिनरात रुँदै बिताउँछु ।

बंगलादेशमा राज्यविहीन र मुख्यतया मुस्लिम अल्पसंख्यक रोहिंग्या समुदायका करिब १० लाख सदस्य छन्, जसमध्ये धेरै छ वर्षअघि म्यान्मारमा भएको सैन्य कारबाहीबाट भागेका थिए । तर अहिले सयौंले इण्डोनेसिया र मलेसियाको जोखिमपूर्ण यात्रा गरिरहेका छन् किनकि दर्जनौं बंगलादेशी शिविरहरू प्रतिद्वन्द्वी सशस्त्र समूहहरूका लागि युद्धभूमि बनेका छन् जसले बस्तीहरूलाई लागुपदार्थ र मानिसहरूको तस्करीका लागि सुरक्षित स्थलको रूपमा प्रयोग गर्छन् ।

प्रहरीका अनुसार शिविरको सुरक्षा व्यवस्था बिग्रिएको छ र यस वर्ष ६० भन्दा बढी शरणार्थी युद्ध र लागुपदार्थसँग सम्बन्धित झडपमा मारिएका छन् ।

यहाँका शिविरहरूमा फिरौतीका लागि अपहरणका घटना पनि ह्वात्तै बढेका छन् । सत्ताइस वर्षीय रोहिंग्या युवा कार्यकर्ता सैफुल अराकानीले भने, 'रोहिंग्या शिविरमा बस्दा आत्तिएका छन् । उनीहरू डाँकुहरूको हातमा आफ्नो ज्यान गुमाउन चाहँदैनन् ।'

कायेसले आफ्नो छिमेकीको अपहरण भएको र आफू आफ्नो सुरक्षाका लागि डराएको बताइन् । 'अपहरणकारीहरूले उनलाई सुतिरहेको बेला लगेका थिए,' कायेसले भनिन्, 'बन्दुकधारीहरूले छिमेकीको परिवारलाई उनीहरूको जीवनबचत हस्तान्तरण गर्न र उनको रिहाइका लागि एक हजार ३५० अमेरिकी डलरभन्दा बढी फिरौती तिर्न रकम सापट लिन बाध्य पारेका थिए ।'

'उनको परिवारले पाँच दिनमा पैसा जम्मा गरेर फिर्ता ल्यायो,' कायेसले भनिन्, 'मेरो परिवारका सदस्य अपहरणमा परेमा मसँग फिरौती तिर्ने कुनै उपाय थिएन ।'

कायेसका पति फारुक रोहिंग्यालाई शिविरबाहिर रोजगारीमा प्रतिबन्ध लगाउने बंगलादेशको आदेशको अवज्ञा गर्दै अवैधरूपमा डुंगा चालकको रूपमा काम गरेको आरोपमा जेलमा छन् ।

कायेसले आफूले जमानत प्राप्त गर्न मद्दत लिन वकि(ललाई भुक्तानी गर्न पनि सक्दिनन् । 'मसँग मेरो परिवारका लागि दुई छाक खाने व्यवस्था गर्ने सम्पत्ति त केही छैन भने सेवाका लागि मैले कहाँबाट चार/पाँच हजार टाका (३५-४५ अमेरिकी डलर) निकाल्न सक्छु ?'

कायेसले पहिलेदेखि नै एक धनी शरणार्थी परिवारका लागि काम गर्छिन्, तर त्रिपाल र बाँसले बनेको आफ्नो आश्रयका लागि लिएको ऋण तिर्न संयुक्त राष्ट्रसंघको खाद्यान्न रासनको दुईतिहाइ भाग लिनुपर्छ । शिविरभित्र सहायताको काम गर्ने केहीबाहेक लगभग सबै शरणार्थीहरू आधिकारिक रूपमा बेरोजगार छन् ।

बंगलादेशको शरणार्थी आयोगका दुई जना अधिकारीले एएफपीलाई बताएअनुसार हजारौं रोहिंग्या शरणार्थी शिविर छोडेर मछुवा, नुन किसान र निर्माण मजदुरको रूपमा काम खोज्न बाध्य भएका छन् । 'स्थानीय रोजगार बजारमा उनीहरूको प्रवेशले स्थानीय श्रमिकहरूको माग घटाएको छ,' नाम नबताउने शर्तमा एक अधिकारीले भने, 'स्थानीय समुदाय आक्रोशित छन् । तर के तपाईं यसलाई रोक्न सक्नुहुन्छ ?'

अराकानीले युवाहरूले 'राम्रो र हिंसामुक्त जीवन' चाहेको र इण्डोनेसिया र मलेसिया पुग्ने सपना देखेको बताए । उनले भने, 'रोहिंग्या युवाहरू शिविर छोडिरहेका छन् किनभने उनीहरू निराश छन् ।'

'तिनीहरूले जीवन जिउनकै लागि गरिने लामा र जोखिमयुक्त समुद्रीमार्गमा आफ्नो मृत्यु भएमा कुनै फरक नपर्ने तर भोक र गरिबीसँगै सधैं जुधिरहन कठिन भएको बताउँछन्,' अराकानीले बताए ।

नोभेम्बरदेखि इण्डोनेसियाको सबैभन्दा पश्चिमी प्रान्त आचेहको यात्रामा वृद्धि भएको छ जुन लगभग एक हजार ८०० किलोमिटर (एक हजार १२० माइल)को यात्रा हो । संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायले म्यान्मारमा सन् २०१७ को दमनपछिको सबैभन्दा ठूलो लहरमा हालैका केही महिनामा एक हजार ५०० भन्दा बढी आगमन भएको रिपोर्ट गरेको छ ।

शरणार्थी नेता मोहम्मद रहिमका अनुसार सयौं अविवाहित महिला र किशोरीहरू सम्पन्न पति पाउने आशामा ठूलो संख्यामा रोहिंग्या समुदायको बसोबास रहेको मलेसिया जाने लाइनमा बसेका छन् । गत वर्ष आफ्नो एकमात्र छोरालाई मलेसिया पठाएका ५५ वर्षीय मोहम्मद इस्लामले भने, 'जब उनीहरू जान्छन्, उनीहरूलाई आफ्नो जीवनको परवाह हुँदैन, उनीहरूलाई आफ्नो पेट पाल्ने चिन्ता हुन्छ । तिनीहरूमध्ये कोही डुंगामा मर्छन् र कोही-कोही समातिए भने जेल जान्छन् ।'

मानव तस्करहरूले इण्डोनेसिया वा मलेसिया जाने जोखिमपूर्ण डुंगामा यात्रा गरेबापत ९०० देखि एक हजार ८०० अमेरिकी डलरसम्म लिने गरेका छन् । कायेसका लागि बंगलादेश छोडेर 'राम्रो देश' जानु सपनामात्र हो । 'मसँग पर्याप्त पैसा भएको भए म पनि जान्थें,' उनले भनिन् । *रासस/एएफपी*

# ५२ प्रतिशतले बढ्यो कोभिड-१९ का नयाँ संक्रमित

**नयाँदिल्ली–** पछिल्लो चार हप्तामा कोभिड-१९ का नयाँ संक्रमितको संख्या ५२ प्रतिशतले वृद्धि भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले जनाएको छ ।

डब्लुएचओले जारी गरेको पछिल्लो प्रेस विज्ञप्तिमा भनिएको छ, 'पछिल्लो २८ दिनमा कोभिड संक्रमितको मृत्यु संख्या आठ प्रतिशतले कमी आई विश्वभर कूल तीन हजारभन्दा बढी थप मृत्यु भएको छ ।

डिसेम्बर १७ सम्ममा कोभिड-१९ सुरु भएयता विश्वभर ७७ करोड २० लाखभन्दा बढी संक्रमित पुष्टि भएका छन् भने करिब ७० लाख कोभिड संक्रमित व्यक्तिको मृत्यु भइसकेको छ ।

कोभिड-१९ का एक लाख १८ हजारभन्दा बढी नयाँ अस्पताल भर्ना भएका र एक हजार ६०० भन्दा बढी नयाँ सघन उपचार कक्ष (आइसियू)मा भर्ना भएका डब्लुएचओले जनाएको छ ।

डब्लुएचओले मानिसहरूलाई उपलब्ध सबै उपकरणहरू प्रयोग गरेर संक्रमण र गम्भीर रोगबाट बच्न उपायहरू अपनाउन सल्लाह दिएको छ । यसमा भीडभाड, बन्द वा हावा नचल्ने ठाउँमा मास्क लगाउने, अरूबाट सुरक्षित दूरी कायम गर्ने, श्वासप्रश्वाससम्बन्धी नियम पालना गर्ने, खोक्दा र हाच्छ्युँ गर्दा नाक मुख छोप्ने, नियमितरूपमा हात सफा गर्ने, कुनै लक्षण देखिएमा वा कोभिड-१९ वा इन्फ्लुएन्जा भएको व्यक्तिको सम्पर्कमा आएको भए परीक्षण गर्नेजस्ता विषय समावेश छन् । *रासस/एएनआई*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४१६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११९८०० | प्रति तोला – ११९२५० | प्रति तोला – १४८५ |

## आत्मनिर्भर अर्थतन्त्र निर्माणमा राष्ट्रपतिको जोड

■ प्रभाव संवाददाता

**विराटनगर–** राष्ट्रपति रामचन्द्र पौडेलले स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणमा जोड दिएका छन् । नेपाल उद्योग परिसंघ कोशी प्रदेशले विराटनगरमा शनिबार आयोजना गरेको उद्योगीहरूको भेला तथा प्रजातन्त्र सेनानी सम्मान समारोहको उद्घाटन गर्दै समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्न उद्योगीव्यवसायीको महत्त्वपूर्ण भूमिका हुने बताए ।

कोभिड-१९ महामारीबाट शिथिल भएको अर्थतन्त्रलाई उन्नत बनाउन सरकारले गरेका प्रयासले केही सकारात्मक प्रभाव पारेको बताउँदै राष्ट्रपति पौडेलले भने, 'अपेक्षाअनुसार देशको अर्थतन्त्र सबल भएको छैन, रोजगारी सिर्जनालगायत आन्तरिक उत्पादन बढ्न सकेको छैनभने राजस्वका लक्ष्यप्राप्त गर्न कठिनाइ भएको छ । उद्योगधन्धा पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । उद्योग कलकारखाना सञ्चालनमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ ।'

अर्थतन्त्र सुधारका लागि सरकारले तर्जुमा गरेको रणनीति, निजी क्षेत्रको सहयोग, विदेशी मुद्रा सञ्चिति, विप्रेषण वृद्धि दरका साथै शोधानन्तर बचत सकारात्मक भए पनि सन्तुष्ट हुने स्थान नरहेको बताउँदै उनले अर्थतन्त्रको सुधारका निम्ति सरकार निरन्तर लागेको आफूले पाएको उल्लेख गरे ।

नेपालमा कृषि क्षेत्रको रूपान्तरण र उद्योग व्यवसायको विस्तार गरी उत्पादन वृद्धि, रोजगारी सिर्जना गर्न, निर्यात प्रवर्द्धन




र आयात प्रतिस्थापन गर्न, अर्थतन्त्रलाई आत्मनिर्भर बनाउन तथा गरिबी निवारण गरी आर्थिक विकासको बाटोमा सरकारको एक्लो प्रयास पर्याप्त नहुने भएकाले निजी क्षेत्रसँगको साझेदारी अपरिहार्य हुने राष्ट्रपतिले सुझाए ।

'कूल लगानीमा दुई तिहाइभन्दा बढी लगानी भएको निजी क्षेत्रलाई विश्वासमा लिएर नीतिगत आधार निर्माण गर्न मौजुदा नीति र कानुनहरूको समीक्षा गरी नयाँ नीति र ऐन निर्माण गर्ने, निजीक्षेत्र मैत्री ऐन, कानुन परिमार्जन गर्ने काम वर्तमान सरकारबाट हुन जरुरी छ', राष्ट्रपति पौडेलले भने ।

नेपालको पहिलो औद्योगिक नगर कोशी प्रदेशको राजधानी विराटनगर स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्ने कृष्णप्रसाद कोइराला, बिपी कोइराला, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, सिके प्रसाई, शैलजा आचार्य, केशव कोइराला, तारणीप्रसाद कोइराला, नोना कोइराला, नारदमुनी थुलुङ, क्याप्टेन यज्ञबहादुर थापा, बलबहादुर राई, भरतमोहन अधिकारी, भूविक्रम नेम्वाङ, प्रेमराज आङदम्बे, चिरञ्जीवी रिजाल, रामप्रसाद राई, धनवर्ण राई, लिला-ठगी-गोकर्ण, राम-लक्ष्मण र नेपालमा औद्योगिक अभियानको सुरुवात गर्ने रामलाल गोल्छा, चन्दनमल दुगडलगायत सबैको योगदानको मुक्तकण्ठले प्रशंसा गरे । राष्ट्रपतिले संविधान प्रदत्त भूमिका निष्ठपूर्वक पालना गर्ने र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा कुनै आँच आउन नदिने प्रतिबद्धता व्यक्त गरे ।

कोशी प्रदेशका प्रमुख परशुराम खापुङले देश विकासमा निजी क्षेत्रको अहम् भूमिका हुने भएकाले राज्यले उनीहरूको सहयोगको अपेक्षा गरेको बताए । साथै उनले उद्योगी र व्यवसायीको समस्या समाधानजमा राज्यले ध्यान दिनुपर्नेमा जोड दिए ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सरकारको सहयोगी अङ्गको रूपमा रहेका उद्योगी-व्यापारीले रोजगारी सिर्जनामा सघाएकामा आभार व्यक्त गरे । नेपाली कांग्रेसका केन्द्रीय सदस्य विजयकुमार गच्छदारले लोकतन्त्र र गणतन्त्रका लागि लामो संघर्ष गरेका वर्तमान राष्ट्रपतिले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बचाई राख्न अभिभावकको भूमिका निर्वाह गरिहन आग्रह गरे

नेपाल उद्योग परिसंघ कोशी प्रदेशका अध्यक्ष भीम घिमिरेको अध्यक्षतामा भएको सो कार्यक्रममा कोशी प्रदेशका पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्की, नेपाल उद्योग परिसंघका संस्थापक अध्यक्ष विनोद चौधरी, संघका केन्द्रीय उपाध्यक्ष वीरेन्द्र पाण्डेले देशको आर्थिक विकासका निम्ति कृषि क्षेत्रलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिएका थिए ।

समारोहमा प्रजातन्त्र सेनानी, प्रतिष्ठित उद्योगपतिलगायत २९ जनालाई सम्मान गरिएको थियो । राष्ट्रपतिले पत्रकार शङ्कर खरेल र अनन्त न्यौपानेलाई पुरस्कार प्रदान गरेका थिए ।

## 'डिजिटल प्लेटफर्मले सबैलाई अवसर दिएको छ'




■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले युवा पुस्तामा क्षमता, योग्यता, कल्पनाशीलता र समर्पणलाई सदुपयोग गर्ने माध्यमका रूपमा डिजिटल प्लेटफर्म स्थापित भएको बताएका छन् । यस क्षेत्रमा प्रशस्त सम्भावना भएको उल्लेख गर्दै उनले डिजिटल प्लेटफर्मले बिजनेसलाई मात्र होइन, हरेक क्षेत्रलाई अवसर दिएको बताए ।

सिआइएन युथ इन्टरपेनियर फोरम नेपाल स्टार्ट अप फेस्ट २०२३ को उद्घाटन गर्दै अर्थमन्त्री डा महतले भने, 'डिजिटल प्लेटफर्मले बिजनेसलाई मात्र होइन, हरेक क्षेत्रलाई अवसर दिन्छ । जो उत्पादनमा लागेका छन्, उनीहरूले डिजिटल प्लेटफर्ममार्फत बजारमा सजिलै पहुँच पुर्याउन सक्छन् । न्यून खर्चमा आम्दानी बढाउन सक्ने छन् ।'

सरकारले आइटी नीतिलाई चालु आवको बजेटमार्फत व्यवहारिक कार्यान्वयनतर्फ लगेको उनको भनाइ छ । अर्थमन्त्री डा महतले भने, 'यसमा हामीले न्यूनमात्रै कर लगाउने व्यवस्था गरेका छौं । त्यसबाट यो व्यवसायले फड्को मार्दैछ र नेपाल बाहिर पनि सुरुआत गर्न चाहन्छ, उनीहरूका लागि पनि आफूले कमाएको आम्दानीको केही हिस्सा बाहिर लगानी गर्न सक्ने व्यवस्था गरिएको छ ।'

राज्यले दिएको यो सुविधाले आइटी बिजनेस बढाउन मद्दत पुग्ने मन्त्री डा. महतले बताए । उनका अनुसार यसले बिजनेस सुरु गर्न र वृद्धि गर्न मद्दत पुग्नेछ । आउँदा दिनमा आइटी नीति अझ सहज हुने जानकारी दिँदै मन्त्री डा महतले भने, 'नेपाली युवालाई जुन क्षेत्रमा उहाँलाई काम गर्ने मन छ, त्यसमा सरकारले कसरी सहजीकरण गर्न सरकार तयार छ ।'

नेपालको आर्थिक विकासमा सूचना प्रविधि क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै उनले भने, 'अहिले ठूलो मात्रामा विदेश सफ्टवेयर निर्यात हुँदैछ । जसले गर्दा विभिन्न क्षेत्रको विजनेस व्यवसाय सहज हुँदैछ, लागत घट्दैछ । यसमा सरकारले सकेसम्म योगदान दिनुपर्छ ।' यसको संस्थागत विकासमा युवा पुस्ताको महत्त्वपूर्ण भूमिका रहेकाले उनीहरूको पलयान रोक्न पनि थप प्रवर्द्धन गर्न जरुरी रहेको उनको कथन छ ।

## महसुल नतिर्ने १७७ ग्राहकको लाइन काटियो

■ प्रभाव संवाददाता

**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रले समयमा विद्युत् महसुल नतिर्ने एक सय ७७ ग्राहकको लाइन काटेको छ ।

प्राधिकरणको देशव्यापी बक्यौता असुली अभियानअन्तर्गत साउन महिनायता म्याग्दीमा सो सफ्याका ग्राहकको लाइन काटिएको हो । केन्द्रका प्रमुख प्रताप बरालले लाइन काटेर चालु आर्थिक वर्षको पाँच महिनामा रु १८ लाख १२ हजार चार सय ५० बक्यौता असुल गरिएको जानकारी दिए ।

एक सय ७७ ग्राहकबाट रु २२ लाख दुई हजार एक सय ९६ महसुल बक्यौता उठाउनुपर्ने थियो । लाइन काटेपछि रु एक लाख ४९ हजार चार सय ४९ जडान शुल्क उठेको छ । केन्द्रअन्तर्गतका ग्राहकबाट रु ८१ लाख ८७ हजार नौ सय २९ बक्यौता असुल गर्न बाँकी छ । गत कात्तिक १२ गतेदेखि बक्यौता असुली अभियान सञ्चालन भएको थियो ।

यसैगरी बिजुली चोरी गरेका चार ग्राहकबाट रु एक लाख ३५ हजार एक सय ५६ रकम असुल भएको छ । नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रअन्तर्गत हाल २२ हजार एक सय ३० ग्राहक छन् ।

विद्युत् महसुल सङ्कलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औँ दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ । मिटर रिडिङ भएको मितिले १६औँ दिनदेखि ३०औँ दिनसम्म पाँच प्रतिशतका दरले र ३१औँ दिनदेखि ४०औँ दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औँ दिनसम्म पनि विद्युत् महसुल नबुझाउने उपभोक्तालाई ४१औँ दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ ।

यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औँ दिनसम्म पनि बक्यौता महसुल नबुझाएमा लाइन काट्ने व्यवस्था छ । लाइन काटेको छ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्तालाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान छ ।

## १६८ मुरी धान उब्जाएका दम्पतीलाई ५० हजार

**पाँचथर–** पाँचवटा खेतमा फलेको एक सय ६८ मुरी धान जोख्ने काम सकिएपछि पाँचथरको फाल्गुनन्द गाउँपालिका-१ लाक्सिबुङका मकरबहादुर बम्जनको घरमा बुधबार स्थानीयवासी, जनप्रतिनिधि र कर्मचारीको घुइँचो थियो । गलामा माला लगाएका मकरबहादुर अतिथिको सत्कारमै व्यस्त थिए । सबैलाई 'एकछिन बस्न र चिया खाएर जान' आग्रह गर्दैमा मकरबहादुरको समय बितिरहेको थियो । भान्सामा चिया र नास्ता पाक्दै थियो ।

मकरबहादुरको घरको आँगनमा मकैको थाङ्गो पनि बडेमानकै थियो । घर वरिपरि कोदो टन्न फलेको थियो । टिप्ने समय बित्नै लागेको छ । फाल्गुनन्द-१ का वडाध्यक्ष होमप्रसाद आङदेम्बेसहित जनप्रतिनिधि र कर्मचारी सिकुवाको डिलमा बसेर ५६ वर्षीय मकरबहादुर र उहाँकी श्रीमती ६० वर्षीया टीकामायाको मेहनतको प्रशंसा गरिरहेका थिए ।

फाल्गुनन्द गाउँपालिकाले खाद्यबालीको उत्पादन बढाउन ५० मुरीभन्दा बढी धान फलाउने किसानलाई रु ३० हजार र एक सय मुरीभन्दा बढी धान फलाउने किसानलाई रु ५० हजारबाट पुरस्कृत गर्ने घोषणा गरेको थियो । उक्त घोषणापछि मकरबहादुर गाउँपालिकाको कार्यालय पुगेका थिए । उनले आफूले एक सय मुरीभन्दा बढी धान फलाएको गाउँपालिका कार्यालयमा दाबी गर्नुभयो । मकरबहादुरको दाबीपछि बुधबार जनप्रतिनिधि र कर्मचारी उनको घर पुगेका हुन् ।

मकरबहादुरले निबु खोलाको बेँसी र घर छेउको पाखाबारीमा फलाएको धान एक सय ६८ मुरी प्रमाणित भएपछि उनी औधी खुशी भए । मकरबहादुर



दम्पतीले फाल्गुनन्द-७ को सिस्ने, काब्रेती, घरमुनी, करमबोटे र खोल्साइले गरी पाँचवटा खेतमा तीन मुरी चार पाथी बीउ रोपेका थिए । उक्त बीउबाट फलेकोमध्ये ३० मुरी धान उनले यसअघि नै बिक्री गरिसकेको बताए । त्यसैले उनले फलाएको धान एक सय ६८ मुरी मात्र गणना भयो ।

फाल्गुनन्द गाउँपालिकाको प्रशासन शाखाका प्रमुख निर्मल अधिकारीका अनुसार बम्जन परिवारले फाल्गुनन्दमा सबैभन्दा बढी धान फलाएको प्रमाणित भएको छ । मकरबहादुरले फाल्गुनन्दका इन्द्रनारायण आङदेम्बे, कालीदास चेम्जोङ, कर्ण चेम्जोङ, पञ्चबहादुर चेम्जोङ र भीमबहादुर आङदेम्बेको खेतमा खेती लगाउने गरेको बताए । गत मङ्सिर ७ गते ३० मुरी धान बिक्री गरिसकेपछि मात्रै धेरै धान फलाउनेलाई पुरस्कृत गर्न लागिएको थाहा पाएका थिए ।

'वडाध्यक्षले खबर गरेपछि गत मङ्सिर १३ गते गाउँपालिकामा गएर एक सय ८५ मुरी धान फलाएको जानकारी गराएको थिएँ', मकरबहादुरले भने । विगतमा अन्नको अभावमा पाएको दुःख सम्झेर धान फलाउन कम्मर कसेर लागेको उनको भनाइ छ । 'विसं २०५६ मा म सगोलको परिवारबाट छुट्टिँदा निकै दुःख पाएँ, दुई पाथी धान लुकाएँ । त्यतिबेला मेरो पाँचजनाको परिवार थियो', उनले भने, 'मेरो नाममा दुई रोपनी जग्गा छ । यसको उब्जनीले नपुगेपछि पाँचजनाको जग्गामा खेती गर्दै आएका छौँ । ३० मुरीभन्दा कम धान फल्ने कुनै खेत छैन ।' मकरबहादुरले ती खेत बन्धकी, कुत र अधियाँमा लिएका हुन् । उनले मकैका लागि पाखो बारी अधियाँमा लिएका छन् ।

किसानलाई प्रोत्साहन गर्न पुरस्कृत गर्ने गाउँपालिकाको सूचना पाएपछि मकरबहादुरले धानका खलाखलामै कर्मचारीलाई बोलाएका थिए । तर सबै धान भेला पारेर जोख्न मन लागेपछि घर छेउको खेतको खलामा सबै धान जम्मा गरे । 'धान जम्मा गर्न रु सात हजार खर्च भयो । धान झारे पनि पराल दाइँ गर्न भ्याएकै छैन', उनले भने । बम्जन दम्पतीका तीन छोरा झापाको दमकमा बसोबास गर्छन् भने तीन छोरी विवाह गरेर गइसकेका छन् । तर धान फलाउन बम्जन दम्पतीले छरछिमेकीको साथ पाइरहेका छन् ।

'दुःख नभई सुख हुँदैन रहेछ । साथीभाइले मैले भनेको टार्दैनन्, नाइँ भन्दैनन्', मकरबहादुरले भने । विसं २०६० देखि धान खेतीमा लागिपरेको उनी बताउँछन् । पाखा खेतमा पानीको समस्या भए पनि निबु खोलाको बेँसीमा समस्या नरहेको उनले बताए । मकरबहादुर गाउँपालिकाले रु ५० हजार पुरस्कार दिएपछि ठूलो भैँसी किन्ने सोचमा छन् । 'गाउँपालिकाले दिएको रकमले एउटा माउ भैँसी किन्ने योजना छ', उनले भने । बम्जन दम्पतीले लामो समयदेखि बर्षेनि एक सय मुरीभन्दा बढी धान फलाउँदै आएको स्थानीयवासीको भनाइ छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ